म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक १६७ आइतबार, १८ माघ २०८२ ने. सं. ११४६ पोहेलागा 1 February 2026 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा
राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**काठमाडौं टप टेलर्स**
*अब टीसीएन रोडमा...*
विगत लामो समयदेखि मेनरोड बुद्धचोकमा रहेर तपाईंको सेवामा समर्पित **काठमाडौं टप टेलर्स** अब हेटौंडा-१० सीमा चोकबाट टीसीएन रोडतर्फ दुईसय मिटर पश्चिम दायाँतर्फ बर्जर पेन्टको डिलरसँगै सरेको जानकारी गराउँदछौं ।
प्रो. विष्णुलाल महर्जन
९८४५०२२६५५

### प्रदेश संरचना कार्यान्वयनको ८ वर्षमा पनि बन्न सकेन प्रशासनिक भवन
# जग्गा प्राप्ति प्रक्रिया ढिलाइ हुँदा योजना अलपत्र

साझाकुरा संवाददाता

हेटौंडा, १७ माघ/प्रदेश संरचना कार्यान्वयनमा आएको ८ वर्ष वितिसक्दा पनि बागमती प्रदेशको आफ्नै प्रशासनिक भवन निर्माण गर्ने योजना अझै अगाडि बढ्न सकेको छैन ।

२०७६ देखि सुरु भएको जग्गा प्राप्तिसम्बन्धी प्रक्रिया टुंगोमा नपुग्दा प्रदेश राजधानीको स्थायी प्रशासनिक संरचना निर्माण योजना अलपत्र जस्तै बनेको छ । २०७४ मा प्रदेश संरचना कार्यान्वयनमा आएयता बागमती प्रदेशले पाँच मुख्यमन्त्रीसहित ८० भन्दा बढी मन्त्री पाइसकेको छ । तर, प्रदेश सरकारले हरेक वर्ष बजेट विनियोजन गरेपनि आवश्यक जग्गा प्राप्ति नहुँदा प्रशासनिक भवन निर्माण अघि बढ्न नसकेको हो । बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँका निजीसचिव भक्तबहादुर भण्डारीका अनुसार जग्गा प्राप्ति र रुख कटान सम्बन्धी प्रक्रिया अहिले अन्तिम चरणमा पुगेको छ ।

भवन निर्माणका लागि आवश्यक जग्गाको भोगाधिकार प्राप्त गर्ने फाइल संघीय वन तथा वातावरण मन्त्रालयमा पुगेको उनले जानकारी दिए । भण्डारीकाअनुसार संघीय मन्त्रिपरिषद्बाट स्वीकृति प्राप्त भएपछि थप प्रक्रिया अघि बढ्नेछ । 'संघीय सरकारले निर्णय गरेलगत्तै डिभिजन वन कार्यालयमार्फत् रुखको गणना, छपान र कटान प्रक्रिया सुरु हुनेछ,' उनले भने । जग्गा प्राप्तिका क्रममा पर्ने वनक्षेत्रको क्षतिपूर्ति र वृक्षरोपणका लागि आवश्यक रकमको सुनिश्चितता प्रदेश सरकारले गरिसकेको भण्डारीले बताए ।




बागमती प्रदेश मन्त्रिपरिषद्को भदौमा बसेको बैठकले वातावरणीय प्रभाव मूल्यांकन (इआइए) प्रतिवेदनअनुसार आवश्यक रकम 'वनकोष'मा जम्मा गर्ने निर्णय गरेको थियो ।

मुख्यमन्त्री बानियाँले यस विषयमा विभागीय मन्त्रालयलाई आवश्यक निर्देशन दिँदै संघीय सरकारसँग निरन्तर समन्वय गरिरहेको निजीसचिव भण्डारीको भनाइ छ । उनले संघीय वन तथा वातावरण मन्त्रालयले प्रदेश सरकारको प्रतिबद्धतापत्र प्राप्त गरिसकेकाले अब यो फाइल संघीय मन्त्रिपरिषद्मा प्रस्तावका रुपमा लैजाने तयारी भएको बताए । भण्डारीका अनुसार प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयले संघीय मन्त्रालयले माग गरेका सबै प्रतिबद्धता र सुनिश्चितता सहितको पत्राचार गरिसकेको छ ।

'पुस १४ गते र त्यस पछि मागिएअनुसार थप प्रतिबद्धता पत्र पुस २० गते पठाइसकिएको छ,' उनले भने, 'अब जग्गा प्राप्ति हुनेमा विश्वस्त छौं ।' बागमती प्रदेशको एकीकृत प्रशासनिक संरचना निर्माणको अवधारणा पहिलोपटक तत्कालीन मुख्यमन्त्री डोरमणि पौडेलले २०७५ मै अघि सारेका थिए । प्रदेश राजधानीका संरचना निर्माणका लागि जग्गा खोजी गरिए पनि त्यो प्रयास निष्कर्षमा पुग्न सकेको थिएन । त्यसपछि मुख्यमन्त्री बनेका राजेन्द्र पाण्डे र शालिकराम जम्कट्टेलको कार्यकालमा पनि जग्गा प्राप्तिको प्रयास भएपनि सफलता प्राप्त हुन सकेन ।

हेटौंडा उपमहानगरपालिका-१७ स्थित डिपोचौरक्षेत्रमा प्रशासनिक संरचना निर्माण गर्ने गरी पटकपटक संघीय सरकारसँग पत्राचार भएपनि कानुनी र वातावरणीय प्रक्रियाका कारण योजना रोकिँदै आएको थियो ।

पछिल्लो समय संघीय सरकारको राष्ट्रिय योजना आयोगले यो आयोजनालाई 'राष्ट्रिय गौरवको आयोजना' घोषणा गरेसँगै जग्गा प्राप्तिको प्रक्रिया केही सहज बनेको बताइएको छ । प्रदेशका निवर्तमान मुख्यमन्त्री बहादुरसिंह लामाको कार्यकालमा प्रधानमन्त्री कार्यालयसँग समन्वय र लबिङपछि ६ चैत २०८१ मा राष्ट्रिय योजना आयोगले राष्ट्रिय गौरवको आयोजनाका रुपमा स्वीकृत गर्ने निर्णय गरेको थियो ।

आयोगको निर्णयपछि संघीय वन तथा वातावरण मन्त्रालय र भूमि व्यवस्था मन्त्रालयमा पत्राचार गरिएपनि वन क्षेत्रको क्षतिपूर्ति रकम सुनिश्चित नहुँदा फाइल पुनः रोकिएको थियो । प्रदेश सरकारले रुख कटान र वृक्षरोपणका लागि आवश्यक रकम 'वनकोष'मा जम्मा गर्ने निर्णय गरेपछि प्रक्रिया फेरि अघि बढेको हो । प्रदेश सरकारले प्रदेश राजधानी पूर्वाधार विकास विशेष आयोजना स्थापना गरी हेटौंडा-१७ डिपोचौरमा ३१ हेक्टर क्षेत्रफलमा प्रशासनिक संरचना निर्माण गर्ने योजना बनाएको छ । इआइए अनुसार मुख्यमन्त्री कार्यालयसहित १० वटा मन्त्रालय, प्रदेशसभा भवन, सुरक्षा निकाय, लोकसेवा आयोग, नीति तथा योजना आयोग, बैंक, क्याफेटेरिया र शिशु स्याहार केन्द्रसहित २५ वटा आधुनिक संरचना निर्माण गरिनेछ ।

आयोजनाअन्तर्गत् २७ दशमलव ५७ हेक्टर क्षेत्र घ्याम्पे र चुरेकाली सामुदायिक वनमा पर्छ भने ३ दशमलव ४५ हेक्टर क्षेत्र विद्यालय र सार्वजनिक जग्गा छ । वातावरणीय प्रभाव मूल्यांकनअनुसार संरचना निर्माणका क्रममा पाँच हजार २४४ वटा रुख काटिनुपर्नेछ । तीमध्ये सबैभन्दा बढी दुई हजार ३७२ सिसौ र एक हजार ९३७ खोटे सल्लाका रुख रहेका छन् । अब संघीय मन्त्रिपरिषद्को निर्णयपछि मात्रै बागमती प्रदेशको बहुप्रतीक्षित प्रशासनिक भवन निर्माणले गति लिने अपेक्षा गरिएको छ ।

# बकैया-कला साहित्य महोत्सवमा ११ स्रष्टा सम्मानित हुने



साझाकुरा संवाददाता

हेटौंडा, १७ माघ/झरना साहित्यिक परिवार मकवानपुरले एक सञ्चारकर्मी सहित साहित्य तथा कलाक्षेत्रमा योगदान पुऱ्याएका ११ जना व्यक्तित्वलाई नगदसहित सम्मान गर्ने भएको छ ।

३ सय २३ औं साहित्य शृंखला एवम् ३३ औं वार्षिकउत्सवका अवसरमा फागुन ५ र ६ गते बकैया ४ महेन्द्र माविमा आयोजना हुने बकैया-कला साहित्य महोत्सव २०८२ मा विविध विधाका पुरस्कार तथा सम्मान प्रदान गरिने शनिबार आयोजित पत्रकार सम्मेलनमा जानकारी गराइएको छ । नगद २१ हजार १ सय २१ राशिको होमनाथ-टीकामाया प्रतिभा सम्मान-२०८२ पाँचथरका रमेश शुभेच्छुकलाई प्रदान गरिने झरना साहित्यिक परिवारकी अध्यक्ष गायत्री रुपाखेतीले जानकारी दिइन् ।

जिल्लामा साहित्यिक संस्था स्थापना र जगेर्ना गर्न योगदान गरेबापत नगद १५ हजार ५ सय ५५ राशिसहितको बाबुलाल-भोजमाया स्मृति साहित्य सम्मान-२०८२ बाट मकवानपुरका निमेश निखिललाई प्रदान गरिने झरना साहित्यिक परिवारले जनाएको छ । यस्तै, मुक्तकमा योगदान गरेवापत रुकुम पश्चिमका कर्णबहादुर खत्रीलाई नगद १५ हजार ५ सय ५५ राशिसहितको शिव-सावित्री अधिकारी स्मृति मुक्तक सम्मान प्रदान गर्ने झरनाले निर्णय गरेको छ । यो सम्मान चैतको चौथो शनिबार हेटौंडामा हुने मुक्तकसाँझमा सर्मपण गरिनेछ । ८ हजार ५ सय राशि सहितको खडानन्द-मनमाया प्रतिभा सम्मान-२०८२ नेपालगञ्जकी ऋचा लुइँटेललाई प्रदान गरिने भएको छ ।

यस्तै, सिर्जनशील नारी सम्मान-२०८२ मकवानपुरकी संगीता थापालाई, सञ्जीवनि बुटि साहित्य सम्मान-२०८२ मकवानपुरकै डा.अर्पण पराजुली, खिमबहादुर खत्री स्मृति कलाकारिता सम्मान-२०८२ सूर्य सन्यासीलाई प्रदान गरिने भएको छ । यी सबै पुरस्कार राशी ७ हजार ७ सय ७७ रुपैयाँ रहेको छ । छन्द कवितामा उल्लेख्य योगदान गरेवापत ९ हजार रुपैयाँ राशीको ऋषेश्वर-रुक्मिणी-लक्ष्मीदेवी खनाल साहित्य सम्मान-२०८२ भैरहवाकी सिर्जना खनाललाई सर्मपण गरिने भएको छ । बकैयामा रहेका कलाक्षेत्रमा योगदान गरेवापत ५ हजार ५ सय ५५ रुपैयाँको नवप्रतिभा पुरस्कार मोनिका नेगीलाई प्रदान गरिने भएको छ ।

पत्रकारिताका माध्यमबाट झरनाको प्रचारप्रसार गर्न सहयोग गरेको भन्दै नगद ११ हजार १ सय ११ राशीको गोकर्ण गौतम स्मृति पत्रकारिता सम्मान पत्रकार दीपक अधिकारीलाई दिइने भएको छ । यस वर्षबाट स्थापना भएको लोक गीतसंगीतमा सेवा गरेबापत आफ्ना मातापिताको सम्मानमा झरना साहित्यिक परिवार मकवानपुरका संरक्षक उद्धव सापकोटा तथा भरत सापकोटाद्वारा स्थापित नगद ११ हजार १ सय ११ रुपैयाँ राशीको 'कुलकुमारी झलकनाथ लोकसाहित्य सम्मान-२०८२' बाट साहित्यकार एवं लोकगायक बझाङका नन्दकृष्ण जोशीलाई सम्मान गरिने झरनाकी अध्यक्ष रुपाखेतीले बताइन् ।

महोत्सवमा पुरस्कार समर्पणका साथै चित्रकला प्रदर्शनी, पत्रिका विमोचन, विभिन्न जातजातिका नृत्यहरु, बकैयाको काव्यमहक, समकालीन गजल मुक्तक उत्सव लगायतका विविध कार्यक्रम हुने बताइएको छ ।

# मकवानपुर-१ मा विजयको चुनावी अभियान तीव्र




साझाकुरा संवाददाता

हेटौंडा, १७ माघ/मकवानपुर जिल्ला क्षेत्र नम्बर १ बाट नेपाली कम्युनिष्ट पार्टीका उम्मेदवार विजय गौतमलाई विजयी गराउने उद्देश्यका साथ बागमती गाउँपालिका तीनवटा वडामा अगुवा कार्यकर्ता भेला तथा निर्वाचन प्रचारप्रसार कार्यालय उद्घाटन गरिएको छ ।

बागमती गाउँपालिका वडा नम्बर-७ पाथिभरा, वडा नम्बर-५ ज्यामिरे र वडा नम्बर-४ झुरझुरेमा छुट्टाछुट्टै कार्यक्रम आयोजना गरी चुनावी अभियानलाई थप गति दिइएको हो । कार्यक्रममा नेपाली कम्युनिष्ट पार्टीका केन्द्रीय सदस्यहरु प्रेमबहादुर पुलामी (छिन्तु), सर्केस घलान, ध्रुव भुजेल, केन्द्रीय सदस्य तथा सल्लाहकार परिषद् सदस्य यादव गजुरेल सहित प्रदेशस्तरीय नेता कमानसिंह पाख्रिन, ज्ञानसागर लामा, अरुण बल, माधव तिमल्सिनालगायतको उपस्थिति रहेको थियो ।

नेताहरुले मकवानपुर १ मा गौतमको जितलाई कसैले रोक्न नसक्ने दाबी गर्दै जनसमर्थन थप मजबुत बन्दै गएको बताएका थिए ।

उम्मेदवार गौतमले आफू इमान, निष्ठा र जिम्मेवारीको अठोटका साथ उम्मेदवारीमा उत्रिएको बताए । उनले चुनावको समयमा मात्र नभई यसअघिदेखि नै आफू निरन्तर जनताको बीचमै रहँदै आएको र अहिले उम्मेदवारीसहित घरघरमा पुगिरहेको बताए । गौतमले देशलाई आवश्यक परिवर्तनका लागि नेतृत्वमा पुस्तान्तरण अपरिहार्य रहेको उल्लेख गर्दै युवा नेतृत्वको खाँचो रहेको बताए । उनले अहिलेको पुस्ताले परिवर्तन, हस्तान्तरण र नयाँ नेतृत्व खोजिरहेको भन्दै त्यसका लागि युवालाई एकपटक अवसर दिनुपर्नेमा जोड दिए ।

उनले आफू परिवर्तनको एजेन्डा बोकेर अघि बढेको दाबी गर्दै मकवानपुर क्षेत्र नम्बर १ का मतदाताले सशक्त, जुझारु र सक्रिय युवा उम्मेदवारलाई समर्थन गर्ने विश्वास व्यक्त गरे । कार्यक्रममा सहभागी नेता तथा कार्यकर्ताले गौतमलाई मकवानपुर १ बाट सर्वाधिक मतकासाथ विजयी गराउन सबैलाई सक्रिय हुन आग्रह गरेका छन् ।

### सुरक्षित बासस्थानमा फर्काउने प्रयास जारी
# हाँडीखोला र हेटौंडा-१९ क्षेत्रमा गैंडाको त्रास

साझाकुरा संवाददाता

हेटौंडा, १७ माघ/पछिल्ला केही दिनदेखि मकवानपुरको मनहरी गाउँपालिकाअन्तर्गत हाँडीखोला तथा हेटौंडा-१९ सानान्टारक्षेत्रमा गैंडा देखिन थालेपछि स्थानीय बासिन्दा त्रसित बनेका छन् ।

स्थानीयको अनुरोधपछि पर्सा राष्ट्रिय निकुञ्जबाट ल्याइएका दुईवटा हात्ती प्रयोग गरी गैंडालाई सुरक्षितरुपमा उसको प्राकृतिक बासस्थानतर्फ लैजाने प्रयास भइरहेको छ । मनहरी गाउँपालिका-३ लामिटारको भोटेखोल्सी क्षेत्रमा देखिएको गैंडालाई दुईवटा हात्ती र तीनवटा ट्याक्टरको सहायतामा प्रतापपुरको जंगलतर्फ लैजाने प्रयास गरिए पनि सफल हुन सकेन । सेना, प्रहरी तथा स्थानीयको सहयोगमा पर्सा राष्ट्रिय निकुञ्जको टोलीले गैंडालाई 'कोर एरिया'तर्फ लैजान दिनभर प्रयास गरेको थियो । गैंडा मनहरी गाउँपालिका-९ जैसिङ खरंगाको जंगलभित्र पसेपछि हात्तीसहितको टोली त्यहीं निगरानीमा बसेको छ ।

पर्सा राष्ट्रिय निकुञ्ज अन्तर्गत लामिटार पोष्टका रेञ्जर प्रणय झाले दिनभर प्रयास गरे पनि गैंडालाई सुरक्षित रुपमा कोर एरियामा पुऱ्याउन नसकिएको जानकारी दिए ।



'गैंडा डिल्लीपुरमाथिको भाइरल पुल नजिकको जंगलमा गएको छ, हात्तीको टोली पनि त्यहीं छ,' उनले भने, 'आज बिहानबाट पुनः हात्ती गस्ती सुरु गरिनेछ ।' गैंडा मनहरी गाउँपालिका-६ स्थित प्रतापपुरको जंगलबाट समूहबाट छुट्टिएर वस्तीमा पसेको हुनसक्ने अनुमान गरिएको छ । 'धनजनको क्षति हुन नदिन र गैंडालाई सुरक्षित बासस्थानमा फर्काउन प्रयास भइरहेको छ,' उनले थपे, 'यसमा सेना, प्रहरी तथा स्थानीयवासीको सहयोग मिलिरहेको छ ।'

पर्सा राष्ट्रिय निकुञ्ज अन्तर्गत उज्वल भविष्य मध्यवर्ती उपभोक्ता समितिका सचिव जयराम रिजालले गैंडालाई वस्तीक्षेत्रबाट जंगलतर्फ लैजान निकुञ्जसँग आवश्यक समन्वय र सहकार्य भइरहेको बताए । 'दुईवटा हात्तीसहितको टोलीलाई स्थानीय तीनवटा ट्याक्टरको सहयोगमा मनहरी-३ लामिटारबाट मनहरी-९ जैसिङसम्म पुऱ्याइएको छ,' उनले जानकारी दिए । उनले स्थानीय बासिन्दालाई साँझ र बिहान अनावश्यकरुपमा बाहिर ननिस्कन तथा गैंडा वा अन्य जंगली जनावर देखिएमा तुरुन्त समिति वा निकुञ्जलाई जानकारी गराउन अनुरोध गरेका छन् ।



साझाकुरा

## हाम्रो कुरा

# सडकसँगै जीविकोपार्जन

बागमती प्रदेश सरकारले सडक पूर्वाधार निर्माणलाई अब अनिवार्यरुपमा स्थानीय उत्पादन र जीविकोपार्जनसँग जोड्ने नीति अघि सारेको छ । हुन त यो नयाँ मोडल भने होइन । बिगत २ दसकदेखि गरिवी निवारण कोषको आर्थिक सहयोगमा मनहरी विकास संस्था (एमडीआई) ले मकवानपुरको बिकट ग्रामीण क्षेत्रमा सडक खन्ने क्रममा सडक छेउमा केरा, अंम्रिसो, कागतीको बिरुवा रोप्न स्थानीयलाई प्रोत्साहित गरेको थियो । अंम्रिसोको कुचो बिक्री गर्न पाएपछि सडकका उपभोक्तालाई सडकको महत्व र दीर्घकालीन प्रयोगमा ध्यान दिएका थिए । सडक खन्दा निस्केको माटो बगेर नजाओस् भन्ने उद्देश्यले उपभोक्तालाई बिरुवा रोप्न प्रोत्साहित गरिएको थियो । विकासको यो मोडल त्यतिबेला सफल भएको थियो । तर, मुलुक संघीयतामा गएपछिका दिनमा सडक खन्नका लागि गाउँगाउँमा बुल्डोजर लगाइयो र माटो बगेर हरिबिजोग भयो । प्रदेशका भौतिक पूर्वाधार विकास मन्त्री डा. दिनेशचन्द्र देवकोटाले सडकले सहरको सामान गाउँ पुऱ्याउने तर, गाउँको उत्पादन सहर नल्याउने हो भने त्यसले परनिर्भरता मात्र बढाउने बताएका छन् । प्रादेशिक सडकमार्फत जीविकोपार्जन सिर्जना सम्बन्धी निर्देशिका तयार गर्न काठमाडौंमा आयोजित कार्यशालालाई सम्बोधन गर्दै मन्त्री डा. देवकोटाले सडक पूर्वाधारको एकतर्फी प्रवाहलाई रोक्नुपर्नेमा जोड दिए ।

प्रदेशमा सडक सञ्जाल विस्तारमा लोभलाग्दो प्रगति भएपनि त्यसको आर्थिक प्रतिफल कमजोर रहेको उनको भनाइ थियो । मन्त्री देवकोटाले गौरव गर्न लायक बाटो त बनायौं तर, त्यो बाटोले के बोक्यो ? सहरबाट चाउचाउ र एलपी ग्यास बोकेर गाउँ गयो । फर्केर आउँदा के आयो ? केही पनि आएन, गाडी रित्तै फर्कियो भनेर निकै चिन्ता व्यक्त गरेका थिए । गाउँमा सडक बनाउने क्रममा थोरै ध्यान दिने हो भने यो चिन्ताको विषय सथएन । करोडौं खर्चेर बनाएको सडकमा दैनिक न्यून सवारी चाप हुनु र आर्थिक गतिविधि नहुनुले लगानीको औचित्यमाथि प्रश्न उठ्ने नै हो । यतिबेला गाउँमा विकास पुगेको छ तर त्यो विकास उपभोग गर्ने घर रित्तै भएका छन् । गाउँको विकास उपभोग गर्ने उपभोक्ता बजारमा संकुचन भएका छन् । नेपालको अर्थतन्त्र भ्याट र करमा आधारित 'ट्रेडिङ इकोनोमी' (व्यापारिक अर्थतन्त्र) मा सीमित भएको भन्दै मन्त्री देवकोटाले चिन्ता व्यक्त गरेका छन् । विदेशबाट सामान ल्याउने र कर उठाएर राज्य चलाउने परिपाटीको साटो अब आफ्नै माटोमा 'स्वाभिमानी अर्थतन्त्र' निर्माण गर्नुपर्ने उनको तर्क छ । बागमती प्रदेशका १३ जिल्लामा रहेका सम्भावनाका क्षेत्र पहिचान गरी सडक सञ्जालसँग जोड्न सके मात्र 'हरित उद्यम' र स्वाभिमानी अर्थतन्त्र निर्माण हुने उनले स्पष्ट पारे । विकासका काममा अन्तर-मन्त्रालय समन्वयको अभाव रहेको औंल्याउँदै उनले भने, कृषि, वन, पर्यटन र उद्योग मन्त्रालयसँग उत्पादनको ज्ञान र बजेट छ, तर, उनीहरुलाई सडक कहाँ बनेको छ भन्ने जानकारी छैन । अर्कोतर्फ, भौतिक मन्त्रालयले सडक त बनायो तर, त्यहाँ के फल्छ भन्ने जानकारी राखेन । यही सूचना र समन्वयको खाडल पुर्न अब भौतिक पूर्वाधार मन्त्रालयले कृषि र वन मन्त्रालयसँग भएका 'पकेट क्षेत्र' को तथ्यांक लिएर सडक सञ्जाललाई पुन: परिभाषित गर्नु जरुरी छ ।

मन्त्री देवकोटाले इन्जिनियरहरुलाई सडकलाई केवल रिटेनिङ वाल र कालोपत्रेको प्राविधिक आँखाले मात्र नहेर्न आग्रह गरेका छन् । तपाईंहरुले ५-१० प्रतिशत ध्यान यसमा पनि दिनुहोस् कि, मैले बनाएको सडकले त्यहाँको रैथाने उत्पादन, जुनार वा जडिबुटी बजार पुऱ्याउन कसरी मद्दत गर्छ ? उनले प्रश्न गरे । कार्यक्रममा मन्त्रालयका सचिव ईश्वरचन्द्र मरहठ्ठाले भौतिक पूर्वाधारमा ठूलो फड्को मारेपनि त्यससँगै जोडिनुपर्ने नागरिकको जीविकोपार्जनको पाटो ओझेलमा परेको स्वीकार गरेका छन् । उनले विगतमा साँघुरा ट्र्याक खन्दा सँगै आउने आयआर्जनका योजना अहिले फराकिला र पक्की सडक बन्दा छुट्नु विडम्बनापूर्ण रहेको बताए । सचिव मरहट्टाले मन्त्री देवकोटाको सोचअनुरुप मन्त्रालय अघि बढेको बताउँदै भने, हामी ठूलो महत्वाकांक्षाभन्दा पनि सुरुमा सानो र नमूना कार्यक्रमबाट काम थालनी गरौं । सडकलाई उत्पादनसँग जोड्ने विषयमा प्रशासनिक र नीतिगत सहयोग गर्न मन्त्रालय प्रतिबद्ध छ । यातायात पूर्वाधार निर्देशनालय, हेटौंडाले प्रादेशिक सडकमार्फत जीविकोपार्जन सिर्जना सम्बन्धी निर्देशिका तयारीका लागि कार्यशालामार्फत 'टास्क फोर्स'ले विज्ञको सुझाव संकलन गरिरहेको बताएको छ । विज्ञबाट प्राप्त सुझावलाई संकलन गरेर आगामी दुई महिनाभित्र मस्यौदा तयार हुने बताइएको छ । मन्त्रिपरिषद्बाट पास भएपछि सडक योजना छनोट र निर्माण गर्दा यो नयाँ मोडेल कार्यान्वयनमा आउने जानकारी दिइएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ माघ १९ गते सोमबार २ फेब्रुअरी २०२६ । प्रतिपदा, फागुन कृष्णपक्ष । सिल्लागा ११४६ ने.सं. । सूर्योदय ६:५२ सूर्यास्त ५:४४ । विश्व सिमसार दिवस

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : चुनौतीहरु बढ्नेछन् | तुला | : प्रयत्न निरर्थक हुनेछ |
| वृष | : आम्दानी घट्नेछ | वृश्चिक | : व्यावसायिक काम बन्नेछ |
| मिथुन | : मित्रताले हर्ष बढ्नेछ | धनु | : सहयोगीले असहयोग गर्नेछन् |
| कर्कट | : कामको तारिफ हुनेछ | मकर | : पढाइमा प्रगति हुनेछ |
| सिंह | : अरुको मन लोभ्याउन सकिनेछ | कुम्भ | : समस्या दोहोरिन सक्नेछ |
| कन्या | : दाम कमाउने बेला छ | मीन | : घरेलु काममै अलमल हुनेछ |

# जंगबहादुरको निरंकुशता विरुद्ध लखन थापाको त्यो विद्रोह



✍राजकुमार दिक्पाल

राजालाई खोपीको देवता बनाएर आफ्नो पारिवारिक शासनलाई मजबुत बनाउँदै गइरहेका बेला निरंकुश शासक जंगबहादुर राणा उदाए । तत्कालीन राजा राजेन्द्रविक्रम शाहकी कान्छी रानी राज्यलक्ष्मीको योजनामा आफूलाई मारेर सत्ता हात लिन काजी वीरध्वज बस्नेत अघि सर्दा उनी लगायत उनका अनुयायीहरूको समेत ज्यान हरण गरी रानीलाई नै देश निकाला गरेपछि जंगबहादुर झन् शक्तिशाली भए । बेलायत भ्रमणबाट फर्केपछि आफ्नै भाइ बद्रीनरसिंहले पनि उनको ज्यान लिई सत्तामा पुग्ने योजना बनाएका थिए । तर, अर्का भाइ बमबहादुरबाट त्यो गोप्य योजना खुलासा भएपछि बद्रीनरसिंह लगायतलाई उनले इलाहावादको जेलमा कोच्न पठाए । यस्तै, कालीबहादुर पल्टनभित्र एक जना गुरुङ जमदारले आफूलाई मार्ने योजना बनाइरहेको थाहा पाएपछि ती जमदारलाई पनि टुँडिखेलमा कालीबहादुर पल्टनकै सेना लगाएर टुक्रा-टुक्रा हुने गरी कटाइदिए ।

यी सबै घटनाहरूपछि पनि जंगबहादुरको हत्या गरी उनको निरंकुश शासन सत्ताको तख्ता पल्टाउने योजना भने रोकिएन । गोरखामा सुकदेव गुरुङले आफूलाई 'नौ सरकार बौद्ध बादशाह' घोषणा गरेर समानान्तर सत्ता बनाई विद्रोह मच्चाएका थिए । पक्राउ परेका सुकदेवको जेलमै मृत्यु भएको थियो । त्यति नै बेला गोरखाको बुंकोटमा लखन थापा मगरले सशस्त्र समूहलाई संगठित रूपमा विद्रोह सुरु गरेका थिए । आफूलाई सिद्ध लखन थापाको अवतार घोषणा गरेर 'जंगबहादुरलाई मारी नेपालमा सुनौलो युग सुरु गर्न मनकामना माताले आफूलाई आशीर्वाद दिएको' भन्दै उनले सशस्त्र समूह खडा गरेका थिए । लखन थापाको विद्रोह त्यो समयको सबैभन्दा व्यवस्थित र सशक्त विद्रोह थियो । त्यसै विद्रोह र लखन थापा लगायत उनका सहयोद्धाहरूको शहादतबारे तयार पारिएको एक इतिहास अनुशीलन यो लेख मार्फत प्रस्तुत गर्ने जमर्को गरिएको छ ।

### जंगबहादुरका छोराका बयान

लखन थापाको विद्रोह कस्तो थियो भन्ने विषयमा सबैभन्दा भरपर्दो स्रोतका रूपमा हामी स्वयम् जंगबहादुर राणाका छोरा पद्मजंगको बयानलाई लिन सक्छौं । लखन थापाले विद्रोह गरिरहेका बेला उनी एक जवान युवा मात्र होइन, तत्कालीन सरकारको एक रोलवाला जर्नेल पनि थिए । पद्मजंग राणाले लेखेको आफ्ना बुबाको जीवनी 'जंगबहादुरको जीवनयात्रा' (२०७४: २८३-८४) मा लखन थापाको विद्रोह प्रकरण पढ्न पाइन्छ । पद्मजंगले अंग्रेजी भाषामा लेखेको 'लाइफ अफ सर महाराज जंगबहादुर राणा' शीर्षकको यो पुस्तकको पहिलो संस्करण वि.सं. १९६६ मा छापिएको थियो । लखन थापाले सशस्त्र विद्रोहको तयारी गरिरहेका बेला सातौं पटक भारत भ्रमण आएका वेल्सका राजकुमार एडवर्डलाई खुशी पार्न जंगबहादुरले पश्चिम नेपालको जंगलमा शिकार यात्रा गराएका थिए । शिकार यात्रापछि जंगबहादुर सन् १८७६ मार्च ३१ (वि.सं. १९३२ चैत २० गते) थापाथली आइपुगेको राणा (२०७४:२८२) ले पुस्तकमा उल्लेख गरेका छन् ।

त्यसैबेला एक भूतपूर्व सैनिक लखन थापाले सर्वसाधारणलाई प्रभावमा पारेर जंगबहादुरको सरकार उल्ट्याउन आफ्नो दलमा सम्मिलित हुनका लागि आह्वान गरिरहेका थिए । आफू सिद्ध लखन थापाको अवतार भएको र जंगबहादुर लाई सत्ताच्यूत गर्न आफूलाई मनकामना माताले धर्तीमा अवतरण गराएको भन्दै आफ्नो विनित र अनुनयी भाषाका कारण छिट्टै लखन थापा १५०० संख्यामा सेना पनि जम्मा गर्न सफल भएका थिए । उनले नेपाली सेनाको नेतृत्व गर्ने, राजधानी प्रवेश गर्ने र जंगबहादुरको हत्या गरेर सरकार आफ्नो अधीनमा लिई त्यसै दिनदेखि नेपाली इतिहासको स्वर्णयुग आरम्भ गर्ने घोषणा गरेका थिए । उनको विद्रोहलाई दमन गर्न जंगबहादुरले काठमाडौंबाट देवीदत्त पल्टन पठाए ।

उनीहरूलाई पक्राउ गरी सिक्रीले बाँधेर गोरखाबाट काठमाडौं हिंडाएर ल्याइयो । उनका १५०० समर्थकलाई पनि बन्धक बनाएर राजधानी ल्याइयो । उनीहरूबाटै खुलासा भएअनुसार जंगबहादुर शिकारबाट फर्केर आउँदा पहाडको बाटोमै उनको हत्या गर्ने र विरोधी जति सबैलाई निर्ममतापूर्वक समाप्त गर्ने योजना बनाइएको रहेछ । साविती बयानपछि पक्राउ गरेर ल्याइएकामध्ये लखन थापा र उनका ६ जना कट्टर सहयोगीलाई मृत्युदण्ड दिइयो भने प्रत्यक्ष र परोक्ष सहयोग गर्नेहरूलाई क्षमादान दिई आ-आफ्नो घर फर्कने अनुमति दिइयो । त्यसअघि पनि लखन थापा पक्राउ परेका थिए । त्यसबेला जंगबहादुरले उनलाई क्षमादान दिएका थिए (राणा, २०७४:२८३-८४) यस्तो लेख्ने पद्मजंग जंगबहादुरका विवाहिता रानी तिरबाट जन्मेका रोलवाला उत्तराधिकारी थिए । उनकी आमा चौतरिया खलककी छोरीचेली विष्णुकुमारी देवी हुन् । वि.सं. १९२४ मा जंगबहादुरले भावी श्री ३ महाराजा तथा प्रधानमन्त्रीहरूको रोलक्रम बनाउँदा पद्मजंगले जनरल पाएका थिए । त्यस समय उनी केवल १० वर्षका थिए । पत्थर घट्टामा बुबा जंगबहादुरको देहान्त हुँदा दागबत्ती दिन पुगेका उनी त्यसपछि कमान्डिङ जनरल भएका थिए (पुरुषोत्तमशमशेर जबरा, 'जंगबहादुर र राणाकालीन दर्पण'-२०८०:३०-३१)

पहिले जंगबहादुरले आफ्ना भाइ र छोराहरूका लागि श्री ३ महाराज र प्राइममिनिस्टर हुने गरी उत्तराधिकारीहरूको मर्यादाक्रम मिलाउँदा छोराहरू जनरल जगतजंग र जीतजंगले पनि उक्त पद पाउने गरी रोलक्रम निर्धारण गरिएको थियो । त्यसको केही समयपछि विवाहिता रानीतर्फबाट पद्मजंगको जन्म भयो । त्यसपछि जगतजंगका छोरा युद्धप्रतापजंग जन्मिए । यी बालक छोरा र नवजात नातिलाई पनि रोलक्रममा राख्न जंगबहादुरले वि.सं. १९२४ माघ १० गते नयाँ रोलक्रम घोषणा गरेका थिए । (बाबुराम आचार्य, 'अब यस्तो कहिल्यै नहोस्'-२०६८:१५९-६०) यसरी मुलुकको भावी श्री ३ महाराज र प्रधानमन्त्रीको पालो कुरेर बसेको बेला जंगबहादुरका छोरा पद्मजंगको हैसियत निकै माथि थियो । वि.सं. १९३० को कम्पु पल्टनको रेकर्डमा पहिलो नम्बरमा श्री ३ महाराज र प्रधानमन्त्रीको हैसियतले जंगबहादुरको नाम छ भने उनको छोरा जनरल पद्मजंगको वरीयता सातौं नम्बरमा रहेको छ । (पुरुषोत्तमशमशेर जबरा, 'श्री ३ हरूको तथ्यवृत्तान्त'-२०६५:१६१)

यति शक्तिशाली अवस्थामा रहेका जनरल पद्मजंगको जन्म वि.सं. १९१४ कात्तिक २८ गते भएको हो । (दिनेशराज पन्त, 'पूर्णिमा' पूर्णाङ्क ९३-वैशाख २०५५:३५) । लखन थापाले विद्रोह गरिरहेको समय उनी १९ वर्षका थिए । त्यो समय नै राज्यका एक जिम्मेवार र राजनीतिक सुझबुझ भएका रोलवाला जनरल भएकाले आफ्ना बाबु विरुद्धको विद्रोहका बारेमा उनी पूर्ण रूपमा जानकार नहुने कुरै भएन । लखन थापाको विद्रोहको विषयमा साक्षात् जानकार जंगबहादुरका यी उत्तराधिकारी छोराको बयान अनुसार वि.सं. १९३२ को चैत महिनामा लखन थापाले जंगबहादुर विरुद्ध सशस्त्र विद्रोहको अन्तिम तयारी गरेका थिए भन्ने थाहा हुन्छ ।

### विद्रोहका लागि पाचतले किल्ला

लखन थापा प्रकरणबारे भेटिएको अर्को महत्त्वपूर्ण ऐतिहासिक प्रमाण हो, तत्कालीन मेजर कप्तान शमशेरजंग थापा क्षेत्री, सुब्बा वीरमान थापा क्षेत्री, सुवेदार बदलसिंह बस्न्यातले लखन थापाको विद्रोहको तयारी सम्बन्धी प्रसादसिंह थापा, खड्ग थापा लगायत व्यक्तिबाट प्राप्त सूचनाको आधारमा सरकारलाई पठाइएको पत्र । महेशचन्द्र रेग्मीले 'रेग्मी रिसर्च सेरिज' वर्ष १२ अंक ५ (डिसेम्बर १९८०:७४) मा यो पत्र प्रकाशित गरेका छन् । वि.सं. १९३२ चैत सुदी १ लेखिएको यो ऐतिहासिक पत्रको व्यहोरा यस्तो छ:

'लखन थापा एउटा किल्लाजस्तो घरमा बस्छन् । वि.सं. १९३२ फागुन २६ गते बन्दुक र तरबारधारी ठूलो संख्यामा आएका भोटे सेना लखन थापाप्रति बफादारी देखाउँदै जंगबहादुरको टोलीमा मिसिन पश्चिमतिर लागे । तर उनीहरूको भित्री उद्देश्य भने जंगबहादुरको हत्या गर्नु थियो । यस्तो सूचना पाएपछि मेजर कप्तान शमशेरजंग थापा क्षेत्रीलगायत सरकारी सैन्य अधिकारीहरूले लखन थापाको घरमा छापा मारी अजपसिंह थापालगायत उनका मानिसहरूलाई पक्राउ गरी सोधपुछ गरे । सोधपुछका क्रममा उनीहरूले दिएको बयान अनुसार लखन थापाले जहरे चुमीलाई जर्नेल, विराज थापा मगर, जुठ्या थापा मगर र जितमान गुरुङलाई कर्नेल पदमा नियुक्त गरेका थिए । यस्तै राजकुमार उपेन्द्रविक्रम शाहलाई राजा बनाउने र आफूलाई उपेन्द्रविक्रमको उत्तराधिकारी बनाउने योजना लखन थापाको थियो ।

उपयुक्त समयमा तार्कु वा मनाङ बेसीमा आएको बखत जंगबहादुरको हत्या गर्ने योजना बनाइएको थियो । यदि यो योजना असफल भए लखन थापा आफू तिब्बत जाने र त्यतैबाट विद्रोहलाई अझ व्यवस्थित गर्ने योजना लखन थापाको थियो । मेजर कप्तान शमशेरजंग थापा क्षेत्रीबाट यस्तो प्रतिवेदन बुझेपछि जंगबहादुरले पाल्पामा रहेका सेनाको कमाण्ड बलियो बनाई लखन थापा र उनका सहयोगीहरूलाई पक्राउ गर्न कर्णेल टेकबहादुर राणालाई आदेश दिए । उनीहरूलाई पक्राउ गरी काठमाडौं ल्याएर इन्द्रचोक प्रहरी चौकीमार्फत आफूलाई यसबारे थप जानकारी दिन जंगबहादुरले आदेश दिएका थिए । लखन थापा र उनका ६ जना अनुयायीलाई मृत्युदण्ड दिइएको जंगबहादुरको छोरा पद्मजंगको बयानमा परेको छ । रेग्मी ( सन् १९८०:७४) ले प्रकाशित गरेको पत्रमा लखन थापाले ठूला पदहरूमा नियुक्त गरेकाहरूमा जहरे चुमी, अजपसिंह थापा, विराज थापा मगर, जुठ्या थापा र जितमान गुरुङ नाम परेकोले लखन थापा सहित मृत्युदण्ड पाउने विद्रोहीहरू उनीहरू नै हुन् भन्ने अनुमान गर्न सकिन्छ । अर्का एक जना चाहिं अछामी थापा मगर हुन् भन्ने आफूले पत्ता लगाएको लेखक तथा प्रथम शहीद लखन थापा स्मृति प्रतिष्ठानका पूर्व उपाध्यक्ष उमेश राना 'गोर्खाली'बाट यो लेखकले जानकारी पाएको छ । लखन थापाले जंगबहादुरको शासनसत्ता विरुद्ध विद्रोहका लागि बनाएको किल्लाको बनावट र त्यसबेला हुने गरेका गतिविधिबारे पुरातत्त्व विभागको मुखपत्र 'प्राचीन नेपाल' संख्या २७ (वैशाख २०३१:१५-१६) मा उल्लेख छ ।

लखन थापाले गोरखा, बुङ्कोटमा आफू बसेकै घरबाट मनकामना देवीको पूजा चलाउन सुरु गरेका थिए । त्यो घर पाँचतलाको थियो । यताबाट हेर्दा लखनले सुरु गरेको विद्रोह व्यवस्थित थियो भन्ने बुझ्न गाह्रो पर्दैन । यो ठाउँमा उनले आफ्ना मानिसहरूलाई परिचालन गरी हातहतियार, बन्दुक, धनुकाँडहरू जम्मा गर्न लगाएका थिए । पछि जंगबहादुरले सेना परिचालन गरेर लखन र उनका समर्थकहरूलाई पक्राउ गरी थापाथली दरबार ल्याए । उनीहरूले विद्रोहको तयारी गरेको स्वीकार गरेपछि लखन थापा लगायतलाई झुण्ड्याएर मारियो भने केहीलाई कारावासमा कोचियो । लखन थापाले पूजा गर्ने गरेको जुन पाँचतले घर थियो, त्यसलाई मैदान हुने गरी भत्काइयो । लखन थापाले बनाएको त्यस किल्ला जस्तो पाँचतले घर कहाँ थियो, त्यसको लागि थप अध्ययनको आवश्यक पर्दछ ।

### विद्रोहमा अध्यात्मको आड

लखन थापा आध्यात्मिक थिए । उनले आफूलाई राम शाहकालीन सिद्ध लखन थापाको अवतार घोषणा गरी मनकामना माताबाट आफूलाई जंगबहादुरको हत्या गरी नेपालमा सुनौलो युग सुरु गर्न आदेश भएको प्रचार गर्थे । त्यो बेला परिस्थिति कस्तो पनि भइसकेको थियो भने उनले आफू जुन घरमा बस्थे, त्यहींबाट मनकामना देवीको पूजा चलाउन सुरु गरेका थिए । उनले 'अब मनकामनामा गई पूजा गर्न पर्दैन, म यहीं पूजा गरिदिन्छु' भनी आफूले बनाएको पाँचतले घरमा मौलो गाडी पञ्चबलि, बीसासय बलि र कोरा पूजा समेत गर्न थाले । उनले जनसाधारणमा कतिसम्म प्रभाव पारेका थिए भने मनकामनाका भक्तजनहरू मूल मन्दिरमा जान छाडी लखन थापाले स्थापना गरेको मनकामना स्थानमा जान थाले (प्राचीन नेपाल, २०३१:१५)

यही आध्यात्मिक आडबाट लखन थापाले जनसाधारणको विश्वास जित्दै गइरहेका थिए । माथि उल्लेख भइसकेको जंगबहादुरका त्यस बेलाका बहालवाला जनरल छोरा पद्मजंगकै शब्दमा पनि त्यो बेला १५०० संख्यामा सशस्त्र सेनाको समूह बनाउन सक्नु चानचुने कुरा थिएन । यस्तै उनले भोटे सेनाको समूह समेत बनाएको तत्कालीन सरकारी सैन्य अधिकारीहरूको प्रतिवेदनको प्रसङ्ग पनि माथि परिसकेको छ । यताबाट हेर्दा लखन थापाको त्यो विद्रोहमा ठूलो जनसमर्थन प्राप्त थियो भन्ने प्रमाण मिल्छ ।

### एक वर्ष लामो मुद्दामामिला

लखन थापाको नेतृत्त्वमा भइरहेको त्यो समयको जनविद्रोहलाई दबाउने क्रममा पक्राउ परेका लखन थापा र उनका सहयोद्धाहरूलाई तत्कालै मृत्युदण्ड दिइएको थियो कि भन्ने अनुमान पनि हुन्छ । तर ऐतिहासिक तथ्यहरू निफन्दा उनीहरूको मुद्दामामिला एक वर्षसम्म चलेको देखिन्छ । राणा (२०७४:२८२) ले लखन थापाको विद्रोह वि.सं. १९३२ को चैत महिनामा उत्कर्षमा पुगेको उल्लेख गरेको र रेग्मी (१९८०:७४) ले प्रकाशित गरेको लखन थापा प्रकरण सम्बन्धी सरकारी पत्रको मिति वि.सं. १९३२ चैत सुदी १ उल्लेख भएबाट त्यसै समय लखन थापा र उनका अनुयायीहरू पक्राउ परेको देखिन्छ । र, प्राचीन नेपाल (२०३१:१६)मा लखन थापा लगायतलाई वि.सं. १९३३ मा मृत्युदण्ड दिइएको उल्लेख भएकोले लखन थापालगायत तत्कालीन विद्रोहीहरूको मुद्दामामिलाको छिनोफानो हुन एक वर्ष लागेको स्पष्ट हुन्छ । तर, लखन थापा लगायत उनका सहयोद्धाहरूलाई कहिले मृत्युदण्ड दिइएको थियो ? यसबारे ठ्याक्कै गते वा तिथि स्पष्ट भएको ऐतिहासिक प्रमाण चाहिं हालसम्म फेला पर्न सकेको छैन । यद्यपि २०४६ सालको परिवर्तनपछि हरेक वर्षको फागुन २ गते लखन थापालाई मृत्युदण्ड दिइएको भन्दै केही संघ-संस्थाले सोही दिनलाई शहीद लखन थापा स्मृति दिवसका रूपमा सम्पन्न गर्दै आएका छन् । तर, लखन थापा स्मृति दिवस फागुन २ गते नै हो त ? यसबारेमा बहस गर्न जरूरी छ । ऐतिहासिक तथ्यहरूलाई विचार गर्दा लखन थापाले फागुन २ गते शहादत प्राप्त गरेको देखिंदैन ।

### कहिले मारिएका थिए लखन थापा ?

लखन थापा फागुन २ गते मारिएका थिए भन्ने तर्क हालसम्म प्रचलित छ । यसको आधार के हो त ? यसबारेमा यो लेखकले लखन थापाको मुहारचित्र बनाउन लगाउनेदेखि उनलाई शहीद घोषणा गराउने अभियानमा सक्रिय तत्कालीन 'लाफा' पत्रिकाका सम्पादक प्रदीप थापा मगर (अमेरिका निवासी उनी हाल: आफ्नो नाम प्रदीप परियार थापा लेख्छन्) सँग जिज्ञासा राखेको थियो । उनले बताए अनुसार लखन मारिएको साता दश दिनमा जंगबहादुर मरेको भन्ने किंवदन्तीको आधारमा फागुन २ मा लखन स्मृति दिवस मनाउन थालिएको हो । अहिलेसम्मको अनुश्रुति अनुसार लखन थापाले आफूले मृत्युदण्ड पाएको सात दिनपछि जंगबहादुरको मृत्यु हुनेछ भनी भविष्यवाणी गरेका थिए र जंगबहादुर मर्नुभन्दा सात दिनअघि लखन थापालाई झुण्ड्याएर मृत्युदण्ड दिएको हुन सक्छ भन्ने अनुमानको आधारमा लखन थापाले फागुन २ गते मृत्युदण्ड पाएको र त्यसैको आधारमा फागुन २ गतेलाई लखन थापा स्मृति दिवसका रूपमा स्थापित गरिएको देखिन्छ । यो अनुमानमाथि एकपटक विचार गरेर हेरौं ।

इतिहासकार दिनेशराज पन्तले 'पूर्णिमा' पूर्णाङ्क ३३ (भदौ २०३२:४६) मा उल्लेख गरे अनुसार जंगबहादुर राणाको मृत्यु वि.सं. १९३३ चान्द्रमास अनुसार फागुन शुक्लद्वादशी उपान्त त्रयोदशीमा भएको हो । यसलाई सौर्यमासमा गणना गर्दा उनको मृत्यु वि.सं. १९३३ फागुन १६ गते भएको देखिन्छ । "म मरेको सात दिनपछि जंगबहादुरको पनि मृत्यु हुनेछ" भन्ने लखन थापाको भविष्यवाणी पूरा भएकै हो भने पनि लखन थापाको मृत्यु फागुन ९ गते भएको हुनुपर्छ । तर भविष्यवाणी गरेकै आधारमा लखन थापाले शहादत पाएको मिति किटान गर्दा त्यो इतिहाससम्मत हुन सक्दैन । दिन र गते नै नतोके पनि केही इतिहासकारले लखन थापा र उनका सहयोगीहरूलाई वि.सं. १९३३ पुस महिनामा मृत्युदण्ड दिइएको उल्लेख गरेका छन् । इतिहासकार पुरुषोत्तमशमशेर जबराले 'लुकेछिपेका प्रतिभाहरू' (२०६८:२७) मा लखन लगायत उनका ६ जना साथीहरूलाई वि.सं. १९३३ पुस महिनामा झुण्ड्याएर मृत्युदण्ड दिइएको उल्लेख गरेका छन् । यसैगरी इतिहासकार ज्ञानमणि नेपालले पनि आफ्नो पुस्तक 'नेपालनिरुपण' ( २०५५:३३९) मा लखन थापा लगायत उनका मुख्य अनुयायीलाई वि.सं. १९३३ पुस महिनामै मृत्युदण्ड दिइएको उल्लेख गरेका छन् ।

यताबाट हेर्दा लखन थापालाई मृत्युदण्ड दिइएको मिति वि.सं. १९३३ पुस महिना देखिन आयो । यस्तो मिति उल्लेख गर्ने पुरुषोत्तमशमशेर जबरा शासनको पारिवारिक अन्तरकथाहरूलाई पनि निफनेर इतिहास लेख्ने इतिहासकार भएका हुँदा उनले उल्लेख गरेको लखन थापाको मृत्युदण्डको मितिलाई गम्भीर तापूर्वक नियाल्नु जरूरी देखिन्छ । इतिहासकार नेपाल पनि तथ्यको गहिराइमा नपुगी लेख्ने इतिहासकार होइनन् । लखन थापा सम्बन्धी ऐतिहासिक तथ्यबारे विचार गर्दा १९३३ सालमै गोरखकाली मन्दिरमा चढाइएको ठूलो घण्टबारे उल्लेख हुनु पनि जरूरी देखिन्छ । तुलसीराम वैद्यले 'प्रथम शहीद' वर्ष १ अंक १ (२०६७:२७)मा र तुलसीराम वैद्य र धनबज्र बज्राचार्यले 'गोरखाको ऐतिहासिक सामग्री' (२०२९:३२-३३)मा उल्लेख गरेअनुसार लखन थापालाई मृत्युदण्ड दिइसकेपछि सरकारले गोरखाका जनतालाई पुरस्कारस्वरुप केही रुपैयाँ दिन खोजेको थियो । तर गोरखाका जनताले उक्त रकम बुझ्न चाहेनन्, बरु उनीहरूकै चाहनाअनुसार सो रुपैयाँबाट लखन थापाकै नाममा घण्ट बनाएर गोरखकाली मन्दिरमा चढाइयो । उक्त घण्ट लखन थापाकै नाममा चढाइएको भन्ने स्थानीय अनुश्रुतिलाई इतिहासकारहरू वैद्य र बज्राचार्यले आफ्नो ऐतिहासिक आधारका रूपमा उल्लेख गरेका छन् ।

घण्टमा उल्लेख भएको अभिलेख अनुसार मेजर कप्तान शमशेरजंग थापा क्षेत्री र सुब्बा वीरमान थापा क्षेत्री मार्फत गोरखा शहरका बासिन्दाको नाममा यो घण्ट चढाएको देखिन्छ । घण्टमा वि.सं. १९३३ माघ सुदी ८ रोज ४ तिथि उल्लेख छ । यी दुवै जना हिजो लखन थापाको विद्रोह दबाउन खटिने मुख्य सरकारी अधिकारी भएकाले यो घण्ट लखन थापालाई दिइएको मृत्युदण्डप्रति प्रायश्चित गर्न उनीहरूले नै चढाएको हुनसक्ने अनुमान गर्न सकिन्छ । एकातिर लखन थापालाई मृत्युदण्ड दिइएपछि घण्ट चढाइएको भन्ने स्थानीय अनुश्रुति हुनु र अर्कातिर घण्टमा वि.सं. १९३३ माघ सुदी ८ रोज ४ तिथि उल्लेख हुनुले लखन थापालाई फागुन २ गते नभई पुस महिनामै मृत्युदण्ड दिइएको थियो भन्ने तर्क निकै बलियो हुने देखिन्छ । लखन थापालगायतले शहादत प्राप्त गरेको मितिको किटानीका लागि उनीहरूकै स्मृतिमा गोरखा बुङ्कोटमा हरेक वर्ष गरिने आध्यात्मिक अनुष्ठानलाई पनि गम्भीरतापूर्वक नियालेर हेर्नुपर्ने हुन्छ ।

गोरखामा दिवंगत आत्माहरूलाई पूजा गर्ने प्रचलनअनुसार पुसको पहिलो पञ्चमीमा लखन थापालगायतको पूजा गर्ने चलन चल्दै आएको छ । गोरखाका मगरहरू मृत्युदण्डपछि लखन थापा र उनका सहयोद्धाहरू देवतामा परिणत भएको ठान्छन् । उनीहरूको स्मृतिमा गरिने पूजाको नाम हो, 'भँयरी पूजा' । यो पूजालाई 'लखन्या पूजा' पनि भनिन्छ । यो पूजामा लखन थापालाई भँयरी देवताका रूपमा पूजा गर्छन् । लखन थापाका सहयोद्धा जयसिंह (जहरे) चुमीका सन्तानले यो पूजा गर्दै आएका छन् (डा. हर्षबहादुर बुढामगर, 'मगर जाति र उनको सामाजिक संस्कार'-२०५३:२३) लखन थापालाई मृत्युदण्ड पुस महिनामै दिइएको भन्ने तर्कलाई स्थापित गर्न लखन थापा लगायतको स्मृतिमा गरिंदै आएको भँयरी पूजालाई स्मृतिमा राख्न जरूरी छ । त्यसैले भँयरी पूजा हुने दिन पुस महिनाको पहिलो पञ्चमीलाई शहीद लखन थापा मगरको स्मृति दिवसको रूपमा स्थापित गर्दा यसको ऐतिहासिक महत्त्व पनि भरपर्दो हुने देखिन्छ । लखन थापाको स्मृतिसँगै उनी सहित मृत्युदण्ड भोगेका अन्य ६ जना सहयोद्धाहरूको पनि सम्झना र उनीहरूको परिवारको खोजीका लागि प्रतिबद्धता हुनसके सुनमा सुगन्ध हुनेथियो । पात्रोअनुसार वि.सं. १९३३ मा पुस महिनाको पहिलो पञ्चमी ८ गते परेको थियो ।

*(साभार: अनलाइनखबर)*

# स्पेनमा राहदानी संकट: दूतावासको सीमित सेवाले अवसर गुम्ने चिन्ता

बार्सिलोना/स्पेन सरकारले कागजातविहीन आप्रवासीलाई कानुनी हैसियत दिने निर्णय गरेसँगै हजारौँ नेपाली आप्रवासी लाभान्वित हुने अपेक्षा गरिएको छ । तर नेपाली दूतावासबाट राहदानी बनाउन कठिनाइ भइरहेकाले उक्त अवसर गुम्ने होकि भन्ने चिन्तामा नेपालीहरु छन् । राहदानी संकट बढेपछि समस्या समाधानका लागि स्पेनस्थित नेपाली अगुवाहरूले परराष्ट्र मन्त्रालयको ध्यानाकर्षणसमेत गराएका छन् । नेपाली समुदायका प्रतिनिधि, एनआरएन स्पेनका पदाधिकारी, सामाजिक अभियन्ता तथा स्थानीय संघ-संस्थाका अगुवाहरूले राहदानी सेवा विस्तार, एपोइन्टमेन्ट प्रणाली सहज बनाउने र आवश्यकता अनुसार घुम्ती शिविर सञ्चालन गर्न माग गरेका हुन् ।




उनीहरूका अनुसार हाल म्याड्रिडस्थित नेपाली दूतावासले हप्तामा एक दिन मात्रै सीमित एपोइन्टमेन्ट खोल्दा ठूलो संख्यामा नेपाली राहदानीविहीन अवस्थामा बस्न बाध्य छन् । स्पेन सरकारले अप्रिलदेखि कानुनीकरण प्रक्रिया सुरु गर्ने संकेत दिइसकेको अवस्थामा समयमै राहदानी नबने धेरै नेपाली कानुनी प्रक्रियाबाट बाहिरिन सक्ने चिन्ता उनीहरूले व्यक्त गरेका छन् ।

एनआरएनए स्पेनका पूर्व अध्यक्ष तथा सामाजिक अगुवा एकराज गिरीले इमिग्रेसन खुलेको यो संवेदनशील समयमा दूतावासको हालको काम गर्ने गतिले समुदायको माग पूरा हुने कुनै सम्भावना नरहेको बताएका छन् । 'अहिले दूतावासमाथि परेको चाप र त्यसको सीमित क्षमतालाई हेर्दा, यो समस्या दूतावासले एक्लैले समयमै समाधान गर्न सक्दैन,' उनले संचारकर्मीसँग भने, 'दूतावासले अनुमान गरेको भन्दा दोब्बर-तेब्बर संख्यामा नेपालीहरू राहदानी बनाउने अवस्थामा छन् ।'

**अवसरबाट वञ्चित हुने चिन्ता**

गिरीका अनुसार सीमित कर्मचारीले मात्रै सेवा दिँदा हजारौँ नेपाली कानुनी अवसरबाट बञ्चित हुने जोखिम बढेको छ । 'हाल रहेका कर्मचारीले मात्रै काम गरेर यो भार थेग्न सकिने अवस्था छैन,' उनी भन्छन् ।

उनले समस्या समाधानका रूपमा क्षेत्रीय सहकार्य वा विशेष टोली परिचालनको सुझाव दिएका छन् । 'सबैभन्दा व्यावहारिक विकल्प भनेको छिमेकी देशहरू-पोर्चुगल, फ्रान्स जस्ता ठाउँमा रहेका नेपाली दूतावासबाट अस्थायी रूपमा कर्मचारी झिकेर म्याड्रिडमै वा नेपालीको बाक्लो बसोबास भएका क्षेत्रमा कन्सुलर सेवा सञ्चालन गर्नु हो,' गिरीले भने ।

'यदि त्यो सम्भव नभए, नेपालबाटै विशेष टोली खटाएर भए पनि तत्काल राहदानी बनाउने प्रक्रियालाई प्राथमिकता दिनुपर्छ,' उनले जोड दिए । जनप्रगतिशील मञ्च स्पेनका पूर्व अध्यक्ष गंगाप्रसाद भुसालले राहदानी संकट समाधानका दुई विकल्पबारे आफूले तीन दिन अघिदेखि नै निरन्तर छलफल गरि रहेको बताएका छन् । 'यहाँको गम्भीर अवस्थाबारे सम्बन्धित निकायसम्म जानकारी पठाइसकेको छु,' उनले संचारकर्मीसँग भने, 'साथीहरूसँग सहकार्य भइरहेको छ, स्पेनमा काम गरेर गएका पूर्व राजदूतहरूसँग पनि सम्पर्कमा छु । उहाँहरूले परराष्ट्र मन्त्रालयमै गएर कुरा राख्ने प्रतिबद्धता जनाउनुभएको छ ।'

भुसालका अनुसार अहिलेको अवस्था तत्काल निर्णय माग गर्ने खालको छ । 'या त नेपालबाट कम्तीमा चार जना कर्मचारी विशेष रूपमा पठाइदिनुपर्छ, होइन भने युरोपका अन्य नेपाली दूतावासबाट केही समयका लागि कर्मचारी स्पेन पठाउने व्यवस्था हुनुपर्छ,' उनले भने । उनले यही विषय एनआरएनए केन्द्रको अधिवेशनसम्बन्धी बैठकमा समेत उठिसकेको जानकारी दिँदै भने, 'यो सामुदायिक मुद्दा भएकाले संस्थागत दबाबमार्फत समाधान खोज्नुपर्छ ।'

**एकैपटक बढी संख्यामा आवेदन भर्न पाउने व्यवस्था गर्न माग**

एनआरएनए स्पेनका पूर्व अध्यक्ष मुक्तबहादुर गुरुङले राहदानी संकट समाधानका लागि अहिले सबै पक्षले आ-आफ्नो ठाउँबाट दबाब र पहल गरिरहेको बताएका छन् । 'अहिलेको मुख्य समस्या भनेकै राहदानीका लागि अनलाइन फर्म भर्ने स्लट हो,' उनले भने, 'दूतावासले स्लट खोल्ने संख्या बढाउनुपर्छ, एकैपटक बढी संख्यामा आवेदन भर्न पाउने व्यवस्था गर्नुपर्छ ।'

उनले विगतमा पोर्चुगलमा यस्तै समस्या आउँदा नेपालबाटै विशेष टोली पठाएर समाधान गरिएको उदाहरण स्मरण गराउँदै भने, 'त्यही मोडेल अहिले पनि अपनाउन सकिन्छ । होइन भने कम्तीमा नजिकका दूतावासबाट कर्मचारी ल्याएर भए पनि तत्काल सेवा विस्तार गर्नुपर्छ ।'

गुरुङका अनुसार स्पेन सरकारले दिएको समयसीमा भित्र राहदानी बनाउन नसके यो ऐतिहासिक अवसर नेपाली समुदायका लागि गुम्ने खतरा छ । 'यो ढिलाइ प्रशासनिक मात्रै होइन, हजारौँ नेपालीको भविष्यसँग जोडिएको विषय हो,' उनले भने । एनआरएनए पूर्व आईसीसी सदस्य दिनेश गिरीले स्पेनमा उत्पन्न राहदानी संकटबारे पूर्व राजदूतहरूमार्फत परराष्ट्र मन्त्रालयको ध्यानाकर्षण गराउने पहल भइरहेको बताएका छन् । 'यहाँ रहेका नेपालीहरू राहदानीको विषयमा अत्यन्तै चिन्तित छन्,' उनले भने, 'केही त स्पेन बाहिरका देशमा गएर राहदानी बनाउने विकल्पबारे सोच्न थालेका छन् । तर त्यसरी बाहिर जाँदा फेरि कागजी समस्या आउला कि भन्ने डरले उनीहरू झन् अन्योलमा छन् ।'

गिरीका अनुसार अहिले आवश्यक कुरा भनेको जति सक्दो छिटो स्पष्ट निर्णयमा पुग्नु हो । 'यो विषय अब लम्ब्याउने होइन, निचोड निकाल्ने बेला हो,' उनले जोड दिए ।

**परराष्ट्र मन्त्रालयबाट छिट्टै निर्णय आउने आशा**

उनले स्पेन सरकारको पछिल्लो निर्णयलाई नेपाली समुदायका लागि ठूलो अवसर भन्दै भने, 'हजारौँ नेपाली वैधानिक हुँदा यसको प्रभाव व्यक्तिगत जीवनमा मात्रै होइन, देशको अर्थतन्त्र र रेमिटेन्ससँग पनि जोडिन्छ । यो अवसर हो, यसलाई खेर जान दिनु हुँदैन ।' एनआरएनए स्पेनका अध्यक्ष सन्तोष श्रेष्ठले स्पेनको नेपाली समाज सधैं एकताबद्ध रहेको र संकटको बेला झन् मजबुत रूपमा एक भएको बताएका छन् । 'दु:ख र संकटको घडीमा यहाँको समाज अझै एक छ,' उनले संचारकर्मीसँग भने, 'अहिले राहदानी समस्याको समाधानका लागि व्यक्तिगत र संस्थागत रूपमा जसले-जसले आ-आफ्नो ठाउँबाट पहल गर्नुभएको छ, म त्यसको मुक्तकण्ठले प्रशंसा गर्दछु ।'

'दूतावास र एनआरएनबीच कुनै पनि किसिमको तिक्तता छैन,' उनले स्पष्ट पारे, 'हामी सबैको एउटै चिन्ता छ- यो समस्या कसरी छिटो समाधान गर्न सकिन्छ भन्ने ।' उनले परराष्ट्र मन्त्रालयको तहबाट छिट्टै निर्णय आउने आशा व्यक्त गर्दै नेपाली समुदायलाई धैर्य गर्न आग्रह गरे । 'कोही पनि नेपाली बिचलित नहुन म अनुरोध गर्दछु,' उनले भने, 'हामी सामाजिक पदमा बसेर कुनै व्यक्तिगत लाभ लिएका छैनौं । यो समय, चिन्ता र मेहनत तपाईंहरूकै लागि हो ।' आफूहरू पनि उही संघर्ष पार गरेर यहाँ आइपुगेको स्मरण गराउँदै उनले थपे, 'हामी तपाईंहरूको अवस्था र चिन्ता राम्ररी बुझ्छौं । यो सुनौलो अवसर हो । यसको फाइदा उठाउन सबैले आ-आफ्नो ठाउँबाट जिम्मेवारीका साथ लाग्नुपर्छ ।'

*(स्रोत: अनलाइनखबर)*

# आफ्नो जिम्मेवारी इमानदारीपूर्वक पूरा गर्छु: लवशेर बिष्ट



साझाकुरा संवाददाता

हेटौंडा, १७ माघ/ नेपाली कम्युनिस्ट पार्टी मकवानपुर निर्वाचन क्षेत्र नम्बर २ का उम्मेदवार लवशेर विष्टले आमजनताको जिम्मेवारी इमानदारीपूर्वक पूरा गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

हेटौंडा उपमहानगरपालिका-११ का कार्यकर्तासँगको अन्तरक्रियामा उनले एमाले-कांग्रेसको बहुमत सरकारले जनअपेक्षाअनुसार काम गर्न नसकेकै कारण देशमा जेनजी विद्रोह भएको दाबी गरे । विष्टले जेनजीको भावना नेपाली कम्युनिस्ट पार्टीले मात्र बोकेको उल्लेख गर्दै देशको समृद्धिको नेतृत्व पनि नेकपाले गर्ने बताए । उनले जनताको भरोसा र सहभागिताबाट मात्रै मुलुकको वास्तविक रुपान्तरण सम्भव हुने धारणा राखे । कार्यक्रममा नेपाली कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य तथा पूर्वमन्त्री कुमारी मोक्तानले देशव्यापी पाँचकुने ताराको माहोल बढेको र मकवानपुरमा पहिलो पार्टी बन्ने दाबी गरिन् ।

नेपाली कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य किशोर बर्तौलाले जसको नीति उसकै नेतृत्व हुनु आवश्यक रहेको बताए । हेटौंडा-११ लाई असली कम्युनिस्टको किल्ला बनाउन जरुरी रहेको उनले बताए । शहीद स्मारक नजिक रहेको थाहा भवनमा सम्पन्न कार्यक्रममा नेता सागर बानियाँले यो पटक मतदाताले तारा चुनाव चिह्नमा मतदान गर्न उत्सुक रहेको बताए । बानियाँले उम्मेदवार विष्टलाई जिताउन स्थानीय स्वतस्फूर्त चुनावप्रचारमा सक्रिय भएर लागि रहेको बताए ।

११ नम्बर पार्टी संयोजक रामकृष्ण बस्नेतको सभाध्यक्षतामा भएको कार्यक्रममा नेकपाका नेताहरु ललित घलान, वीरबहादुर घलान 'ज्वाला', विवेक राई, बालकुमार मल्ल लगायतको उपस्थिति रहेको थियो । कार्यक्रममा नेकपाका प्रदेश सचिवालय सदस्य सागर बानियाँको संयोजकत्वमा १०१ सदस्यीय ११ नम्बर वडास्तरीय प्रचारप्रशार समिति गठन गरिएको छ । समितिको सहसंयोजकमा रामकृष्ण बस्नेत, शुक्र लामा, मधुकुमार थापा, देवनारायण चौलागाई रहेका छन् । उमेदवार विष्टले थाहा नगर प्रमुख हुँदा गरेको कामको समेत स्थानीयस्तरमा लोकप्रिय भएको पाइएको छ ।

# निमेष निखिललाई कलाश्री युवा पुरस्कार

साझाकुरा संवाददाता

हेटौंडा, १७ माघ/ मकवानपुरका साहित्यकार निमेष निखिललाई स-सिद्धि राष्ट्रिय कलाश्री युवा पुरस्कार प्रदान गरिने भएको छ ।



नेपाली कलासाहित्य डटकम प्रतिष्ठानले निमेष निखिललाई नगद ७५ हजार रुपैयाँसहित सम्मान गर्न लागेको हो । यस्तै प्रतिष्ठानले अन्य साहित्यकारलाई पनि सम्मान गर्ने जनाएको छ । प्रतिष्ठानका अध्यक्ष कवि तथा निबन्धकार मोमिलाको अध्यक्षतामा शुक्रबार ललितपुरमा बसेको कार्यसमितिको बैठकले पुरस्कार तथा सम्मान सम्बन्धमा निर्णय गरेको हो । अमूल्य राष्ट्रिय कलाश्री सम्मान नाटककार तथा गीतकार मनबहादुर मुखियालाई प्रदान गर्ने निर्णय गरिएको छ । त्यसैगरी राष्ट्रिय कलाश्री पुरस्कार कवि, निबन्धकार, सम्पादक तथा साहित्यिक अभियन्ता श्रीओम श्रेष्ठ 'रोदन' लाई प्रदान गरिने भएको छ ।

यसैगरी बद्री राष्ट्रिय कलाश्री पत्रकारिता पुरस्कार पत्रकार तथा सर्जक राजेश खनाललाई, थिर छाया राष्ट्रिय कलाश्री ललितकला पुरस्कार मिथिला कलाका साधक चित्रकार एससी सुमनलाई तथा पद्मनेत्र राष्ट्रिय कलाश्री संगीत पुरस्कार लोकगायिका तथा अन्वेषक झुमा लिम्बूलाई प्रदान गर्ने निर्णय गरिएको प्रतिष्ठानले जनाएको छ । प्रतिष्ठानका अनुसार राष्ट्रिय कलाश्री सम्मान अमूल्य रहेको छ भने राष्ट्रिय कलाश्री पुरस्कारमा ताम्रपत्र सहित एक लाख रुपैयाँ, ससिद्धि राष्ट्रिय कलाश्री युवा पुरस्कारमा ७५ हजार रुपैयाँ, थिरछाया राष्ट्रिय कलाश्री ललितकला पुरस्कारमा ६० हजार रुपैयाँ तथा अन्य पुरस्कारमा ताम्रपत्रसहित ५०-५० हजार रुपैयाँ नगदराशि प्रदान गरिनेछ ।

सम्मान तथा पुरस्कार आगामी फागुन ४ गते काठमाडौंको प्रदर्शनीमार्गस्थित नेपाल पर्यटन बोर्डको प्रेक्षालयमा आयोजना हुने विशेष समारोहकाबीच अर्पण गरिने प्रतिष्ठानले जानकारी दिएको छ । नेपाली कलासाहित्य डटकम प्रतिष्ठानले विगत १७ वर्षदेखि निरन्तररुपमा कलाश्री सम्मान तथा पुरस्कार समर्पण गर्दै आएको छ ।

# यूएई रोजगारीमा प्रहरी रिपोर्ट प्रमाणीकरण गर्न १४ हजार शुल्क

काठमाडौं/युनाइटेड अरब इमिरेट्स (यूएई) ले नेपाललाई प्रहरी रिपोर्ट (पुलिस क्लियरेन्स सर्टिफिकेट/पीसीसी) अनिवार्य गरेको छ । २३ र २४ भदौको जेनजी आन्दोलनपछि यूएईले प्रहरी रिपोर्टमा समेत कडाइ गरेको थियो । नेपाल प्रहरीले दिएको पीसीसीलाई परराष्ट्र मन्त्रालय अन्तर्गत कन्सुलर सेवा विभागबाट प्रमाणीकरण गर्नुपर्ने हुन्छ । प्रहरीले नि:शुल्क उपलब्ध गराउने उक्त रिपोर्ट विभागले भने छाप लगाएर प्रमाणीकरण गरिदिए बापत ५ सय रुपैयाँ शुल्क लिने गरेको छ ।



विभागबाट प्रमाणीकरण भएको रिपोर्टलाई यूएईले समेत प्रमाणीकरण गर्दै आएको हो । त्यसका लागि १४ हजार २ सय रुपैयाँ शुल्क लिने गरेको छ । विगतमा प्रहरी रिपोर्टलाई कन्सुलर सेवा विभागबाट प्रमाणीकरण भएपछि भिसा दिने गरेको थियो । तर, जेनजी आन्दोलनपछि सुरक्षाको कारण देखाउँदै यूएईको परराष्ट्र मन्त्रालयबाट समेत प्रमाणीकरण गर्नुपर्ने बाध्यता थप गरेको हो । त्यसका लागि नेपालमा रहेको भीएफएसले १४ हजार २ सय शुल्क लिने गरेको हो । उक्त शुल्क नबुझाए यूएई जानेको भिसा अस्वीकार हुँदै आएको छ । यूएईले पीसीसी प्रमाणीकरणका लागि अतिरिक्त शुल्क थप गरेपछि त्यसको प्रत्यक्ष मारमा वैदेशिक रोजगारीका लागि यूएई जाने श्रमिक परेका छन् ।

जेनजी आन्दोलनपछि जेलबाट कैदीहरू भागेको र तिनीहरू आफ्नो देशमा प्रवेश पाएको खण्डमा सुरक्षा चुनौती थपिनेमा यूएई सचेत देखिएको छ । जसले गर्दा जेनजी आन्दोलनपछि केही समय नेपालीलाई भिजिट र वर्किङ भिसा नै रोकेको थियो । तर, पछि खोलेर नेपाल प्रहरीले उपलब्ध गराउने प्रमाणपत्रलाई मान्यता नदिने गरी यूएईले अतिरिक्त शुल्क थपेको हो ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघका महासचिव महेश बस्नेतले नेपाल सरकारले प्रदान गर्ने आधिकारिक रिपोर्टलाई नै यूएईले मान्यता नदिएको बताए । जेनजी आन्दोलनपछि यूएईले सुरक्षा कारण देखाउँदै प्रहरी रिपोर्ट प्रमाणीकरणका नाममा प्रतिकामदार ३५१.०८ दिराम अर्थात् १४ हजार २ सय रुपैयाँ थप शुल्क लिन थालेको हो ।

जसमा 'भीएफएस कुरियर सर्भिस फर डकुमेन्ट अटेस्टेसन' का लागि ४६ दिराम, फोटो सर्टिफिकेसन, बिलका लागि ३ सय दिराम र पेमेन्ट गेटवेका लागि ५.०८ दिराम तोकिएको छ । यसका लागि विभिन्न शुल्क गरी नेपाली कामदारले प्रतिव्यक्ति १४ हजार २ सय रुपैयाँ तिर्दै आएका हुन् । यसअघि यस्तो कुनै पनि शुल्क तिर्नु पर्थेन ।

जेनजी आन्दोलनपछि केही समय भिसा बन्द गरेको यूएईले पछि निकै कडाइसाथ जारी गर्न थालेको थियो । भिजिट भिसामा जान यूएईले विभिन्न खालका मापदण्ड अघि सारेको थियो भने वर्किङ भिसामा जाने श्रमिकका हकमा प्रहरी रिपोर्ट प्रमाणीकरण अनिवार्य गरेको छ । महासचिव बस्नेतले यसलाई श्रमिकमाथिको अनावश्यक आर्थिक भार र संस्थागत लुटको संज्ञा दिए ।

संघले २५ मंसिरमै यस विषयमा सरकारको ध्यानाकर्षण गराएको थियो । 'अहिले देश चुनाव केन्द्रित छ, तर यही बेला वैदेशिक रोजगारीमा जाने श्रमिकमाथि यस्तो नयाँ आर्थिक नजिर बसालिँदैछ,' उनले भने, 'यदि समयमै समाधान भएन भने श्रमिक विदेश जानुअघि नै ठूलो पीडामा पर्ने अवस्था आउँछ ।' जेनजी प्रदर्शनपछि केही कैदीबन्दी बाहिर निस्किएको घटनापछि युएईले अस्थायी रूपमा नेपाली श्रमिकको रोजगारी प्रक्रिया रोकेको थियो । त्यसपछि युएईले सम्भावित आपराधिक व्यक्ति रोक्न प्रहरी रिपोर्ट माग्न थालेको हो ।

सुरुमा परराष्ट्र मन्त्रालयको प्रमाणीकरण पर्याप्त मानिए पनि ४ डिसेम्बरपछि यूएईले दूतावासको समेत छाप अनिवार्य हुनुपर्ने जानकारी दिएको थियो । 'यो कुनै आधिकारिक लिखित निर्णय होइन,' बस्नेतले भने, 'तर भीएफएसले धमाधम कलेक्सन गर्न थाल्यो र यो प्रक्रिया अनिवार्य जस्तै बनाइयो,' बस्नेतले भने । उनका अनुसार परराष्ट्र मन्त्रालयका अधिकारीहरूले भियना कन्भेन्सन १९६१ को हवाला दिँदै अर्को देशले मागेमा दूतावासले प्रमाणीकरण गर्नुपर्ने बताएका छन् ।

तर, प्रहरी रिपोर्ट नेपाल सरकारकै आधिकारिक कागजात हो, जसमा क्यूआर कोड हुन्छ र अनलाइनबाटै प्रमाणीकरण गर्न सकिन्छ । 'परराष्ट्रले प्रमाणीकरण गरेको कागजातलाई फेरि यूएई दूतावासले प्रमाणीकरण गर्दा श्रमिकले १४ हजार २ सय रुपैयाँ तिर्नुपर्ने अवस्था सिर्जना गरिएको छ,' उनले भने ।

कुवेत र साउदी अरबले प्रहरी रिपोर्ट माग्ने गरे पनि यूएईजस्तो 'एटेस्टेसन' अनिवार्य गरेका छैनन् । गत वर्षको तथ्यांक अनुसार वार्षिक करिब १ लाख ७७ हजार नेपाली श्रमिक यूएई जाने गरेका छन् । यस आधारमा मात्रै वार्षिक करिब २ अर्ब ५१ करोड रुपैयाँ प्रहरी रिपोर्ट प्रमाणीकरणकै नाममा बाहिरिने देखिन्छ ।

'भिसा लाग्नुभन्दा अगाडि नै श्रमिकले यो रकम बुझाउनुपर्छ,' उनले भने, 'इलाम, डडेल्धुरा जस्ता जिल्लाका श्रमिक काठमाडौं आउनुपर्छ, भीएफएस धाउनुपर्छ, बैंकमा पैसा जम्मा गर्नुपर्छ, यसले समय र पैसा दुवै खर्च गरिरहेको छ ।' उनका अनुसार अनलाइनबाट प्रहरी रिपोर्ट निकाल्न पनि ढिलाइ भइरहेको छ । संघले युएईस्थित नेपाली दूतावासका अधिकारीहरूसँग समेत कुराकानी गरेको थियो । 'उहाँहरूले 'मोहरे' (युएई श्रम मन्त्रालय) सँग छलफल भइरहेको बताउनुभएको छ, तर अहिलेसम्म ठोस नतिजा आएको छैन,' बस्नेतले भने ।

युएईले कुनै आधिकारिक सूचना ननिकाले पनि भिसा रिजेक्ट हुँदा 'आधिकारिक प्रहरी रिपोर्ट' बुझाउनुपर्ने रिमार्क लेखिने गरेको उनले बताए । युएईले भिसा खोल्न नेपालका जेलबाट भागेका कैदीहरूको विवरण माग गरेको थियो । अनौपचारिक छलफल क्रममा जेलबाट भागेका कैदीहरूको सूची दिएको खण्डमा सहज रूपमा खोल्न सकिने आशय यूएईका अधिकारीहरूले गरेका थिए । तर, नेपालले कैदीहरूको विवरण उपलब्ध गराउन नसकिने बताएपछि अतिरिक्त शुल्क लगाएको थियो ।

महासचिव बस्नेतले सरकारसँग अनावश्यक शुल्क तत्काल हटाउन कूटनीतिक पहल गर्न माग गरेका छन् । 'श्रमिकले विदेश जानुअघि नै यति ठूलो आर्थिक बोझ बोक्नुपर्ने अवस्था न्यायोचित छैन,' उनले भने, 'यस विषयलाई मिडियाले प्राथमिकताका साथ उठाइदिनु आवश्यक छ ।' श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले भने उक्त विषय सार्वजनिक भएलगत्तै परराष्ट्र मन्त्रालयलाई पत्राचार गरेको थियो ।

*(स्रोत: अनलाइनखबर)*


**ब्लु हेवन टेलर्स सरेको सूचना**

हेटौंडा बुद्धचोक मेनरोडमा रहेर यहाँहरुको सेवामा लामो समयदेखि समर्पित यस **ब्लु हेवन टेलर्स** कान्तिराजपथस्थित **शाक्य प्लाजा** भवनमा सरेको सम्पूर्णमा जानकारी गराउँदछौं ।

**ब्लु हेवन टेलर्स्**
हेटौंडा-२, कान्तिराजपथ
९८४५०२२९८१

# ज्याकी च्यानले रेकर्ड गराए आफ्नो निधनपछि रिलिज हुने गीत

काठमाडौं/कङ्ग फू मास्टरको रूपमा परिचित हलिउड अभिनेता ज्याकी च्यानले आफूले 'फेयरवेल' गीत रेकर्ड गराएको खुलासा गरेका छन् । उनले हालै चीनको राजधानी बेइजिङमा आफ्नो नयाँ फिल्म 'अनएक्सपेक्टेड फेमिली'को प्रिमियरको क्रममा यसबारे खुलासा गरेका हुन् । उनले उक्त गीत आफ्नो निधनपछि रिलिज हुने र दुनियाँका लागि त्यही नै आफ्नो अन्तिम सन्देश हुने बताएका छन् ।



ज्याकी च्यानको भनाइ उद्धृत गर्दै चिनियाँ सञ्चारमाध्यम 'चीन डट ओआरजी डट सिएन'को रिपोर्टमा भनिएको छ, 'उमेर बढेसँगै मैले केही साथी र आफन्तलाई गुमाएँ । यो घटनाले मलाई जिन्दगीको बारेमा सोच्न बाध्य बनायो । त्यसपछि मलाई महसुस भयो कि जीवन निकै छोटो छ र जुन कुरा मनमा छ, त्यो समय रहँदै गर्नुपर्छ । यही सोचका साथ मैले एक खास गीत रेकर्ड गरेँ ।'

अभिनेता च्यानका अनुसार उक्त गीत रेकर्ड गर्नुको पछाडि गहिरो भावना छ । उनले भनेका छन्, 'पछिल्ला केही वर्षमा कयौं नजिकका व्यक्तिको निधनले मलाई यो सिकायो कि जीवनमा केही पनि सधैंका लागि हुँदैन । यसैले मैले सोचेँ कि दुनियाँबाट विदा लिनुभन्दा पहिला आफ्नो भावना एक गीतको माध्यमबाट संसारभरका मानिससम्म पुर्‍याउन चाहन्छु ।'

खासमा ज्याकी च्यान उक्त गीत तत्काल नै रिलिज गर्न चाहन्थे । तर, उनलाई परिवारका सदस्यले अहिले नै गीत रिलिज नगर्न सुझाव दिए । यसैले अब उनको गीत उनले संसारबाट बिदा लिएपछि मात्र रिलिज हुनेछ । फिल्मको प्रिमियरमा उक्त गीतको केही पंक्ति सुनाउन दर्शकले आग्रह गर्दा उनले हाँस्दै भनेका थिए, 'यदि मैले अहिले गाएँ भने तपाईंहरू रून थाल्नुहुन्छ ।'

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# राष्ट्रपति रनिङ शिल्डको उपाधि जनकल्याण माविलाई



साझाकुरा संवाददाता

हेटौंडा, १७ माघ/थाहा नगरपालिकामा आयोजित आठौँ राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको उपाधि जनकल्याण माध्यमिक विद्यालयले जितेको छ ।

लगातार उत्कृष्ट प्रदर्शन गर्दै जनकल्याण माविले यसपटक पनि प्रतियोगितामा वर्चस्व कायम राख्न सफल भएको हो । यससँगै जनकल्याणले आठौँ पटक राष्ट्रपति रनिङ शिल्डको उपाधि जित्ने ऐतिहासिक उपलब्धि हासिल गरेको छ । प्रतियोगितामा जनकल्याण माविले १७ स्वर्ण, ११ रजत र ६ कास्य गरी कुल ३४ पदक जित्दै प्रथम स्थान हासिल गरेको हो । त्यसैगरी स्वच्छन्दभैरव माध्यमिक विद्यालयले ७ स्वर्ण र २ कास्यसहित ९ पदक प्राप्त गर्दै दोस्रो स्थान हासिल गर्दा बागेश्वरी माध्यमिक विद्यालयले ४ स्वर्ण, ९ रजत र ७ कास्यसहित २० पदक प्राप्त गरी तेस्रो स्थानमा चित्त बुझाएको छ ।

उपाधिसँगै प्रथम हुने जनकल्याणले नगद २० हजार, शिल्ड, मेडल र प्रमाणपत्र, दोस्रो हुने विद्यालयले नगद १५ हजार तथा तेस्रो हुने विद्यालयले नगद १० हजार सहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गरेका छन् । यसै अवसरमा सञ्चालन गरिएको मेयर कप भलिबल प्रतियोगिताअन्तर्गत छात्रतर्फ जनकल्याण माध्यमिक विद्यालय र छात्रातर्फ मत्स्यनारायण माध्यमिक विद्यालय उपाधि विजेता बनेका छन् । फाइनल खेलमा छात्रतर्फ जनकल्याणले बज्रबाराही माध्यमिक विद्यालयलाई पराजित गर्दै उपाधि हात पारेको हो भने छात्रातर्फ मत्स्यनारायणले दुर्गादेवी माध्यमिक विद्यालयलाई हराउँदै उपाधि चुमेको हो ।

मेयरकप भलिबल प्रतियोगितामा प्रथम हुने टोलीले नगद २० हजार र द्वितीय हुने टोलीले नगद १५ हजार सहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गरेका छन् । भलिबलतर्फ छात्र वर्गमा जनकल्याणका सुजल कार्की उत्कृष्ट खेलाडी घोषित हुँदा छात्रा वर्गमा दुर्गादेवी माविकी नन्दी गोले उत्कृष्ट खेलाडी बन्न सफल भइन् । कबड्डी छात्रतर्फ बज्रबाराही मावि प्रथम, जनकल्याण मावि दोस्रो र इअन एकेडेमी बागेश्वरी मावि तेस्रो हुन सफल भए । त्यसैगरी कबड्डी छात्रातर्फ जनकल्याण प्रथम हुँदा मत्स्यनारायण दोस्रो र इन्द्रायणी तथा बागेश्वरी संयुक्त तेस्रो भएका छन् ।

कराते विधातर्फ स्वच्छन्द भैरव माविले ७ स्वर्णपदकसहित प्रथम स्थान हासिल गरेको छ । मार्चपासतर्फ पालुङ भ्याली हार्ट प्रथम, नाट्यश्वर मावि दोस्रो र दुर्गादेवी मावि तेस्रो भएका छन् । एथलेटिक्सतर्फ छात्रा वर्गमा ७ स्वर्णसहित जनकल्याण मावि प्रथम हुँदा छात्र वर्गमा पनि ६ स्वर्णसहित जनकल्याण नै प्रथम हुन सफल भयो । प्रतियोगितामा १७ विधामा कुल १ हजार ३१८ जना विद्यार्थी खेलाडी सहभागी भएका थिए । थाहा नगरभित्रका संस्थागत तथा सामुदायिक गरी १८ वटा माध्यमिक विद्यालयको सहभागिता रहेको यो प्रतियोगिता थाहा नगर शिक्षा शाखाको आयोजना तथा जनकल्याण माविको व्यवस्थापनमा तीन दिनसम्म सञ्चालन गरिएको थियो ।

प्रतियोगिताको समापन थाहा नगर खेलकुद विकास समितिका संयोजक टीकाराम स्याङ्तानको अध्यक्षता तथा थाहा नगरप्रमुख बिष्णु बिष्टको प्रमुख आतिथ्यतामा भएको थियो । समापन कार्यक्रममा वक्ताले विद्यालयस्तरबाट खेलकुद विकासमा यस्ता प्रतियोगिताले महत्वपूर्ण भूमिका खेल्ने बताएका थिए ।

# वैदिक सांस्कृतिक गुरुकुलममा न्यानो कपडा वितरण

साझाकुरा संवाददाता

हेटौंडा, १७ माघ/कपडा तथा तयारी पोशाक व्यवसाय संघले हेटौंडा उपमहानगरपालिका-१८ स्थित वैदिक सांस्कृतिक गुरुकुलममा अध्ययनरत संस्कृत विद्यार्थी (बटुक) तथा शिक्षकलाई न्यानो कपडा वितरण गरेको छ ।

शनिबार आयोजित कार्यक्रममा संस्कृत विद्या अध्ययन गरिरहेका बटुक र शिक्षक गरी १९ जनालाई न्यानो कपडा वितरण गरिएको हो । जाडोमा अध्ययनरत विद्यार्थी तथा शिक्षकलाई अध्ययनमा सहज होस् भन्ने उद्देश्यले कपडा सहयोग गरिएको आयोजकले जनाएको छ ।

कार्यक्रममा कपडा तथा तयारी पोशाक व्यवसाय संघका पूर्वअध्यक्ष समिरलाल डंगोल, महासचिव सन्तोष घिमिरे, सहकोषाध्यक्ष विष्णुलाल श्रेष्ठ, हेटौंडा-६ का वडासदस्य विजय पौडेल, वैदिक सांस्कृतिक गुरुकुलमका सल्लाहकार हर्क रम्तेललगायतको उपस्थिति रहेको थियो ।

# कांग्रेस मकवानपुरको आन्तरिक तयारी तीव्र




साझाकुरा संवाददाता

हेटौंडा, १७ माघ/नेपाली कांग्रेस मकवानपुरले आसन्न प्रतिनिधिसभा निर्वाचनको आन्तरिक तयारीलाई तीव्र बनाएको छ ।

कांग्रेस मकवानपुरले आन्तरिक तयारीलाई व्यवस्थित बनाउँदै मतदाताको घरघरसम्म रणनीति बनाउन शुक्रबार हेटौंडामा मकवानपुरको प्रतिनिधिसभा निर्वाचन क्षेत्र नम्बर १ को प्रतिनिधि छनोट तथा अभिमुखीकरण कार्यक्रम सम्पन्न गरेको छ । कांग्रेस प्रतिनिधिसभा निर्वाचन परिचालन समिति मकवानपुरले क्षेत्र नम्बर १ का ४० वटा वडामा खटिने प्रतिनिधिलाई अभिमुखीकरणसँगै जिम्मेवारीसहित पठाएको हो । जिल्ला प्रतिनिधिले वडामा पुगेर वडा समितिको बैठकमा सहजीकरण, क्रियाशील सदस्य, भातृसंस्था र शुभेच्छुकको भेला, मतदातासँग भेटघाटलगायतका निर्वाचत लक्षित गतिविधि गर्ने प्रतिनिधिसभा निर्वाचन क्षेत्र नम्बर १ का संघीय सचिव कविन सांगामीले जानकारी दिए ।

प्रतिनिधि छनोट तथा अभिमुखीकरणसँगै प्रतिनिधिसँग छलफल र कांग्रेसको भावी रणनीतिका बारेमा सुझाव लिइएको छ । कार्यक्रममा निर्वाचन क्षेत्र नम्बर १ का उम्मेदवार एवम् कांग्रेस केन्द्रीय समितिका निवर्तमान सहमहामन्त्री महालक्ष्मी उपाध्याय डीनाले कांग्रेसभित्रको सम्पूर्ण एकताले कार्यकर्तामा हौसला थपिएको भन्दै निर्वाचनमा व्यवस्थापनलाई चुस्त बनाउन आग्रह गरिन् । उनले कांग्रेस बदलिएकोले अब देशलाई पनि बदल्ने विश्वास मतदातालाई दिलाउनुपर्नेमा जोड दिइन् ।

प्रतिनिधिसभा निर्वाचन जिल्ला परिचालन समितिका संयोजक माइकल रामचन्द्र अर्यालले जिल्लाबाट खटिएका प्रतिनिधिले वडाको वस्तुस्थिति ल्याउन र कांग्रेसको पक्षमा जनमत तयार गर्ने गरी काम गर्न सुझाव दिए । निर्वाचन क्षेत्र नम्बर १ का संघीय सभापति दामोदर खनालले निर्वाचनको तयारी र परिचालनका सन्दर्भमा धारणा राखेका थिए ।

कार्यक्रममा समानुपातिक तर्फका उम्मेदवार शर्मिला श्रेष्ठ, निर्वाचन परिचालन समितिका सदस्यहरु रघुरमण न्यौपाने, आनन्दराम पराजुली, विष्णु लामिछाने, भीमसेन महत, लक्ष्मी श्रेष्ठ, ईन्दिरा न्यौपाने, प्रभात दाहाल, सुशान्त श्रेष्ठ, राजेश बानियाँ, उत्सव इटेनी, अशोक शाक्य, भीम लामा, राजीव सुवेदी, ईश्वरलाल श्रेष्ठलगायतको उपस्थिति रहेको थियो । निर्वाचन क्षेत्र नम्बर १ मा हेटौंडा उपमहानगर पालिका-१५, मकवानपुरगढी गाउँपालिका चार, बकैया गाउँपालिका १२ र बागमती गाउँपालिका नौ वटा वडा गरी ४० वटा वडा रहेको छ ।

# थाहामा एमालेको ९१७ सदस्यीय निर्वाचन परिचालन कमिटी गठन



साझाकुरा संवाददाता

हेटौंडा, १७ माघ/आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्यको निर्वाचनलाई लक्षित गर्दै नेकपा (एमाले) थाहा नगर कमिटीले आफ्नो चुनावी तयारीलाई तीव्र पारेको छ ।

शनिबार थाहानगरस्थित जेसीज हलमा सम्पन्न नगरस्तरीय विस्तारित भेलाले निर्वाचनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन बलराम बलको संयोजकत्वमा ९१७ सदस्यीय विशाल 'निर्वाचन परिचालन कमिटी' गठन गरेको छ । भेलाले निर्वाचनका विभिन्न पक्षलाई चुस्त बनाउन जिम्मेवारी बाँडफाँड गरेको छ । निर्वाचन परिचालन कमिटी निर्माण गरेर त्यसको संयोजकमा बलराम बल, सहसंयोजकमा चित्रबहादुर बलामी, अच्युतम ढकाल र कल्पना बलामी तथा सचिवमा सुरेन्द्रमान प्रधान चयन भएका छन् ।

त्यसैगरी स्वयंसेवक परिचालनको जिम्मेवारी सुमन रायमाझीलाई प्रदान गरेको छ भने प्रचार कमिटीको जिम्मेवारी सुजन रायमाझीलाई तोकेको छ । आर्थिक व्यवस्थापनमा बिमल ढकाल संयोजक, अनुगमन कमिटीमा बुद्धरत्न मानन्धरको संयोजकत्वमा १७ सदस्यीय कमिटी निर्माण गरेको छ । थाहानगरका १० वटै वडामा निर्वाचन परिचालन कमिटीका संयोजक र सहसंयोजक तोकिएको एमाले निर्वाचन फोकल पर्सन आशिष अस्लामीले जानकारी दिए । एमाले नेता गोकुल बास्कोटा प्रमुखअतिथि रहेको भेलामार्फत बास्कोटाले कानूनको अध्ययन र अभ्यास गरेका र सुभाष नेम्बाङको झल्को दिने महेश बर्तौला सभामुख, मन्त्री जस्ता जिम्मेवारी सहजै निर्वाह गर्न सक्ने सक्षम व्यक्ति भएको बताए ।

'तपाईंहरु बर्तौलालाई जिताएर पठाउनुहोस् भूमिकाले र अहिलेको माहोलले बर्तौला जस्ता शिक्षित युवा खोजेको हुंदा यसक्षेत्रको विकासलाई थप सम्बोधन गर्नसक्ने गरी जिम्मेवारी पार्टीले दिनेछ' उनले बताए । प्रतिनिधिसभा सदस्यका उम्मेदवार बर्तौलाले आफूले छोटो कार्यकालमा पनि जनताको सरोकारका विषयलाई संसदमा प्रभावकारी ढंगले उठाएको दाबी गरे । उनले भने, 'म संसद चल्दा संसदभित्र र नचल्दा जनताको दैलोमा छु । थाहा, भीमफेदी र राक्सिराङ जस्ता भूगोलका समस्यालाई सरकारसम्म पुऱ्याउन मैले कुनै कसर बाँकी राखेको छैन ।'

एमाले मकवानपुरका जिल्ला उपाध्यक्ष हिदम लामाले बर्तौलालाई एमबिबिएस, एमपिए र एलएलबी जस्ता उच्चशिक्षा हासिल गरेका योग्य युवा उम्मेदवारको रुपमा चित्रण गरे । उनले भने, 'जातजाति वा सम्प्रदायका नाममा हुने भ्रमबाट मुक्त हुनुहोस् । थाहानगरको पहिचान र विकासका लागि बर्तौला नै सबैभन्दा उपयुक्त पात्र हुनुहुन्छ ।' भेलामा नेपाली काँग्रेस परित्याग गर्दै ८६ वर्षीय वीरबहादुर गोले एमाले पार्टी प्रवेश गरेका छन् । लामो समय नेपाली काँग्रेसमा आबद्ध रहेका गोलेले एमालेको नीति र नेतृत्वप्रति विश्वास व्यक्त गर्दै पार्टी प्रवेश गरेको प्रतिक्रिया दिए ।

भेलामार्फत् एमाले थाहानगर अध्यक्ष सुरेन्द्रमान प्रधानले आगामी माघ २० गते थाहा नगरका सबै वडामा एकैसाथ विस्तारित बैठक आयोजना गर्न निर्देशन दिए । कार्यक्रममा एमाले केन्द्रीय सदस्य भारती पाठक, प्रदेश कमिटी सदस्य बलराम बल, जिल्ला उपाध्यक्ष हिदम लामा, नेतृ कल्पना बलामी, रामहरि लामिछाने, अनेमसंघ जिल्ला सचिव सुशीला मल्ल लगायत नेताको उपस्थिति रहेको थियो ।

# मोटरसाइकल व्यवसायी संघको अध्यक्षमा पुनः इन्द्रकुमार

साझाकुरा संवाददाता

हेटौंडा, १७ माघ/मोटर साइकल व्यवसायी संघ मकवानपुरको प्रथम साधारणसभा तथा अधिवेशन सम्पन्न भएको छ ।

मकवानपुर उद्योग वाणिज्य संघका उपाध्यक्ष उज्वल चौलागाईको प्रमुख आतिथ्यता एवम् संघका अध्यक्ष इन्द्रकुमार मोक्तानको सभाध्यक्षतामा कार्यक्रम भएको हो । कार्यक्रममा सहभागी वक्ताले मोटरसाइकल व्यवसायीबीच एकता, सहकार्य र संस्थागत मजबुती आवश्यक रहेकोमा जोड दिएका थिए । शनिबार सम्पन्न अधिवेशनबाट पुनः मोक्तानको अध्यक्षतामा नयाँ कार्यसमिति निर्विरोध चयन भएको छ । समितिको वरिष्ठ उपाध्यक्षमा गजेन्द्रराज गिरी, उपाध्यक्षमा मुन्ना साह बानियाँ, महासचिवमा जयप्रकाश दाहाल, सचिवमा कृष्ण पनेरु र कोषाध्यक्षमा दुर्गेश गुप्ता चयन भएका छन् । त्यसैगरी सदस्यमा किसान बानियाँ, विपेश क्षेत्री, मंगल लामाथिङ, अन्जेश ढकाल र समिम अहमद सर्वसम्मत चयन भएका छन् ।

कार्यक्रममा संघमा योगदान पुऱ्याएका दुईजना व्यक्तित्वलाई सम्मान गरिएको थियो । नवनिर्वाचित पदाधिकारीलाई संस्थाका सल्लाहकार जितेन्द्र तिवारी र दीपेन्द्र उप्रेतीले प्रमाणपत्र प्रदान गर्दै सपथग्रहण गराएका थिए । संघले आगामी दिनमा मोटरसाइकल व्यवसायीको हकहित संरक्षण, व्यावसायिक समस्या समाधान तथा संगठन विस्तारमा सक्रिय भूमिका खेल्ने विश्वास व्यक्त गरिएको छ ।

कार्यक्रममा हेटौंडा अटोमोवाइल एशोसिएसनका अध्यक्ष धर्म धिमाल, पूर्वअध्यक्ष सागर सापकोटा, रिकण्डसन संघका अध्यक्ष कबीरविक्रम राणा तथा संस्थाका सल्लाहकार तिवारी र उप्रेतीले मन्तव्य राखेका थिए ।

"आयो टप्प टिप्यो लहग्यो मिति पुग्यो टारेर टर्दैन त्यो ।"
इन्द्रै बिन्ती गरून भुकेर पदमा त्यो बिन्ती मान्दैन त्यो,

## हार्दिक श्रद्धाञ्जली



जन्मः २००५-०४-१४

स्वर्गारोहणः २०८२-१०-०६

स्व. गोमा खतिवडा

बागमती प्रदेश मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं.-४ कर्रा निवासी सामाजिक संस्कार सेवा समितिका सदस्य श्री बालकृष्ण खतिवडाको ममतामयी माता **गोमा खतिवडा** को मिति २०८२ माघ ६ गते भएको असामयीक निधनले हामीलाई मर्माहत बनाएको छ । यस दुःखद् घडीमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

श्री अम्मर बहादुर लामा (अध्यक्ष) एवम्

**सामाजिक संस्कार सेवा परिवार**

"आयो टप्प टिप्यो लहग्यो मिति पुग्यो टारेर टर्दैन त्यो ।"
इन्द्रै बिन्ती गरून भुकेर पदमा त्यो बिन्ती मान्दैन त्यो,

## हार्दिक श्रद्धाञ्जली



जन्मः २००१-०१-१५

स्वर्गारोहणः २०८२-१०-०६

स्व. ओम चरण श्रेष्ठ

बागमती प्रदेश मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं.-४ कर्रा निवासी सामाजिक संस्कार सेवा समितिका सदस्य **ओम चरण श्रेष्ठ** को मिति २०८२ माघ ६ गते भएको असामयीक निधनले हामीलाई मर्माहत बनाएको छ । यस दुःखद् घडीमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

श्री अम्मर बहादुर लामा (अध्यक्ष) एवम्

**सामाजिक संस्कार सेवा परिवार**

*स्वस्थ पेट तथा पाचन, स्वस्थय जीवन*


**बरिष्ठ पेट तथा कलेजो रोग विशेषज्ञ डाक्टर अब माघ १७ गते शनिबार हेटौंडा सिटी अस्पतालमा**

**पेट तथा कलेजो रोग सम्बन्धी विभिन्न समस्याहरू जस्तैः**

- ग्याष्ट्रिक/अम्लता-Gastritis
- Ulcer अल्सर (पेट/आन्द्राको अल्सर)
- प्यान्क्रियाटाइटिस/अग्न्याशयको सुन्निने/सूजन
- मुख/वान्तामा तथा दिशामा रगत आउने
- तौल घट्ने, भोक नलाग्ने
- हिमोराँइट (Piles), फिसर
- कलेजो तथा पित्त थैली सम्बन्धी समस्याहरु
- पेट दुखाई, अपच, पेट फुल्ने/पानी जम्ने
- जन्डिस (Jaundice–Alcoholic तथा Viral hepatitis

**साथै अन्य पेट तथा कलेजो सम्बन्धी सेवाहरूः**

- Endoscopy/एन्डोस्कोपी
- USG/भिडियो एक्स-रे
- Proctoscopy/प्रोक्टोस्कोपी
- LFT (Liver Function Test)
- H. pylori test
- Viral Hepatitis Profile आदि




"फोनबाट पनि अग्रिममा नाम लेखाउन/Appointment को व्यवस्था छ ।"

**डा. विजय के.सी.**

बरिष्ट पेट तथा कलेजो रोग विशेषज्ञ
DM Gastroenternlogy and Hepatology
MBBS, MD Internal Medicine, DM
NMC No. 8185

थप जानकारीको लागि

**हेटौंडा सिटी अस्पताल**

सम्पर्क नं. ०५७-५२०३१५, ९८४१३२८८६५

*Whole body check-up package/"होल बडी चेक-अप प्याकेजको पनि व्यवस्था छ ।"*

## सार्वजनिक सेवा लिंदा ध्यान दिऔं ।

- आफूले लिने सेवाका सम्बन्धमा जानकारी राखौं,
- आवश्यक कागजात/प्रक्रिया पूरा गरौं,
- नागरिक बडापत्रका बारेमा जानकारी राखौं,
- आधिकारिक सेवा प्रदायकबाट मात्र सेवा लिऔं,
- सेवा प्राप्त गर्दा विचौलियाको प्रयोग नगरौं,
- सकेसम्म अनलाईनबाटै सेवा लिने र दिने गरौं,
- जेष्ठ नागरिक, अपाङ्गता भएका तथा अशक्त व्यक्तिलाई प्राथमिकता दिऔं,
- सेवा प्रवाहमा समस्या देखिए सम्बन्धित निकायमा सम्पर्क गरौं,
- अनियमितता र भ्रष्ट्राचारबिरूद्ध उजुरी गरौं,

*सार्वजनिक सेवालाई सरल, सहज र पारदर्शी बनाऔं ।*

नेपाल सरकार
**विज्ञापन बोर्ड**

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादकः **सरला खनाल**, कार्यालय/मुद्रणः हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रणः** सफल छापाखाना